# नेपाली कांग्रेसको चुनाव घोषणा–पत्र, महा–निर्वाचन २०४८

दिदी वैनी, दाजु भाइहरू !

तीस वर्षको लामो कालरात्री पछि अहिले नेपालमा फेरि एकपल्ट प्रजातन्त्रको बिहानी झुल्किएको छ । २०१५ सालको आमचुनाव पछि प्रजातान्त्रिक वातावरणमा ३२ वर्ष पछि दोस्रो आमचुनाव हुन थालेको छ । आम चुनावको यो महान् अवसरमा देशका सम्पूर्ण किसान र श्रमिकहरू, विद्यार्थी, शिक्षक, तरुण र वुद्धिजीवीहरू, महिला दिदीवैनीहरू, उद्योगी, व्यापारी र कर्मचारीहरू, राष्टभ्रसेवक सेना र प्रहरीहरू लगायत विभिन्न पेशा र श्रममा लागेका समस्त बन्धू वान्धवहरूमा नेपाली कांग्रेस हृदयदेखिकै आफ्नो अभिवादन र संदेश पुऱ्याउन चाहन्छ ।

यस सुखद घडीमा देशमा प्रजातन्त्र ल्याउनका लागि आफ्नो प्राण आहुती दिने वि.सं. १९९७ साल देखि २०४६ सालको जन–आन्दोलन सम्मका ती समस्त ज्ञात–अज्ञात शहीदहरू प्रति नेपाली कांग्रेस आज फेरि एकपटक कृतज्ञता पूर्वक श्रद्धाञ्जली अर्पण गर्दछ । यस अवसरमा नेपाल र नेपालीलाई प्रजातान्त्रिक समाजवादको सुनौलो बाटोतिर उन्मुख गराउने जननायक विश्वेश्वरप्रसाद कोइराला श्रद्धा पूर्वक स्मरण गर्दै प्रजातन्त्रको लामो संघर्षकालमा अनेकौं कष्ट, यातना र दुःख भोगेर पनि प्रजातन्त्रको दियो बाली राख्न मद्दत गर्ने समस्त सपुतहरू प्रति नेपाली कांग्रेस सम्मान र आभार प्रकट गर्दछ ।

आम चुनावको प्रजातान्त्रिक अभ्यासतर्फ देशले पाइला चाल्दै गरेको नेपाली कांग्रेसको स्मृतिमा २०४६ सालको ऐतिहासिक जन–आन्दोलन तथा जन–आन्दोलनमा प्रदर्शित जनताको व्यापक सहभागिता र समर्थनको दृश्य ताजै छ । नेपाली कांग्रेस श्रद्धापूर्वक यो ऐतिहासिक जन–आन्दोलनमा प्रदर्शित जनशक्ति र बलिदानलाई अभिनन्दन गर्दछ । आमचुनावको यो पूर्व संध्यामा नेपाली कांग्रेस जन आन्दोलनको ऐतिहासिक रथलाई सफलताका साथ हाक्ने आफ्ना सर्वोच्च नेता श्री गणेशमान सिंहको देश र जनताका प्रति फेरि एकपटक शुभकामना र कृतज्ञताको सन्देश पुऱ्याउन चाहन्छ ।

जन–आन्दोलनको बेला स्कूल र कलेजको बन्धन तोडेर देशमा प्रगति, परिवर्तन र प्रजातन्त्र स्थापनाका लागि निर्णायक संघर्षमा होमिएका देशको तरुण पुस्तालाई पनि नेपाली कांग्रेस बधाइ र अभिवादन व्यक्त गर्दछ । देशको तरुण पुस्ता प्रजातन्त्र स्थापनाको संघर्षमा हिजोसम्म नेपाली कांग्रेसको सहयात्री रहिआएको थियो, अब यो तरुण पुस्तालाई नेपाली कांग्रेसले प्रजातन्त्रको संस्थागत विकास गर्ने आफ्नो सहयात्रीको रूपमा हेरेको छ । यही दृष्टिकोणले गर्दा नेपाली कांग्रेसले १८ वर्ष पुगेका देशको तरुण पिढीलाई प्रजातान्त्रिक चुनावको अभ्यासमा सहभागी गराइनु पर्छ भन्ने निर्णय गरेको हो ।

**जनताको सम्मान र प्रजातन्त्र नेपाली कांग्रेसको अठोट हो !**

४० वर्ष अघि राणाहरूको हुकुमी शासनको विरुद्ध जनतालाई क्रान्तिको आव्हान गर्दा र त्यो क्रान्तिको नेतृत्व गर्दा नेपाली कांग्रेसले देशमा प्रजातन्त्र स्थापना गर्ने संकल्प जनताका सामु राखेको थियो । देशको राजनीति र शासन व्यवस्थामा सबैभन्दा ठूलो र निर्णायक शक्ति जनता मात्रै हो र हुनु पर्छ भनेर नेपाली कांग्रेसले राणाहरूको हुकुमी शासनलाई जनक्रान्तिद्वारा फ्याँकेर प्रजातान्त्रिक युगको शुत्रपात गरेको थियो ।

प्रजातन्त्रको निम्ति मरिमेट्ने, नेपाली कांग्रेसको निम्ति सधैं सबैभन्दा ठूलो चिन्ता जनताको इच्छा, भावना र स्वाभीमानलाई कसरी सम्मानित र रक्षा गर्ने भन्ने रहिआएको छ । खासगरी देशका बहुसंख्यक ती निमुखा र वाणी थिचिएका किसान र श्रमिकहरू जो सधैं सबैभन्दा बढी मेहनत गर्छन् तर पनि गरीब छन्, जसको पेट भोको र आङ नाङ्गो छ; जो तराई बेंशी र पहाडका अप्ठयारा र निर्जन कुनाहरूमा श्रम पसिना चुहाउँछन्, कुटो–कोदाली गर्दछन्, गोठ–गोठाला र भरियाको जिन्दगी बाँच्तछन् – उनीहरूको हक हित र उत्थान गर्ने उद्देश्यले देशको राजनीति र विकास प्रयत्नहरू थालिनु पर्छ भन्ने नेपाली कांग्रेसको अठोट रहिआएको छ । जनता भनेको सरकारले शासन गर्ने वा सरकारलाई तिरो तिर्ने सामान्य रैती होइन, जनता त जनार्दन हो र सरकारले सेवा गर्नु पर्ने शक्ति हो भन्ने सत्यलाई नेपाली कांग्रेसले स्थापना गर्न खोजेको हो ।

त्यसैले प्रजातन्त्रको स्थापना गरेर तथा प्रजातन्त्रको संस्थागत विकास गरेर नेपाली कांग्रेस देशका प्रत्येक जातजाति र प्रजातिका मानिसहरूलाई, प्रत्येक वर्ण, धर्म र सम्प्रदायका मानिसहरूलाई, प्रत्येक किसिमको श्रम र व्यवसाय गर्नेहरूलाई

प्रत्येक महिला र पुरुषहरूलाई बराबरीको राजनैतिक, सामाजिक, आर्थिक र कानूनी अधिकार र अवसरहरू जुटाउने प्रयत्नमा लागि राखेको छ ।

२००७ सालको जनक्रान्तिदेखि २०१४ सालको भद्र अवज्ञा आन्दोलनसम्म प्रजातान्त्रिक अधिकारको निम्ति गरिएका पृष्ठभूमिले गर्दा नै २०१५ सालको आम निर्वाचनमा नेपाली कांग्रेसलाई जनताले दुई तिहाई बहुमत दिएर जिताएको थियो । यो जन विश्वासको समुचित आदर गर्दै नेपाली कांग्रेसको सरकारले जन नेता बी.पी. कोइरालाको नेतृत्वमा नेपालको चौतर्फी विकासको अभियान थालेको थियो । २०१५ सालको चुनाव घोषणा पत्रमा जनताको सामु गरिएका प्रतिज्ञा अनुरूप नेपाली कांग्रेसको सरकारले देशलाई मध्ययुगीन सामन्ती अवस्थाबाट आधुनिक र प्रजातान्त्रिक समाजवादी समाजतर्फ लाने नीति र कार्यक्रम बनायो । नेपाली कांग्रेसको सरकारले बीर्ता प्रथा, बेठ बेगारी, जमीन्दारी तथा राजा–रजौटाहरूको उन्मुलन गऱ्यो । गाउँ र गाउँले जनताको उत्थानका निम्ति ग्राम विकास योजना, सहकारी संस्थाहरूको गठन तथा जिल्ला विकास बोर्डको स्थापना गऱ्यो । नेपाली कांग्रेसको सरकारले कृषि विकास तथा सिंचाईका धेरै परियोजनाहरूको थालनी गऱ्यो तथा सामन्ती प्रथाको समाप्तिका निम्ति भूमिसुधार तथा सहकारी आन्दोलनको कार्यक्रमहरूको थालनी गऱ्यो । देशमा उद्योग धन्दाको विकासका निम्ति औद्योगिक प्रतिष्ठानको स्थापना, देशको प्रशासनिक ढाँचामा सुधार, देशभरिनै आर.टी.ओ. सडक यातायातको विस्तार, श्रमिकहरूको न्यायोचित हक हितको निम्ति पहिलो पटक कारखाना ऐन पास गर्ने तथा प्रगतिशील कर प्रणाली पनि नेपाली कांग्रेसको सरकारले आरम्भ गरेको थियो । नेपाली कांग्रेसको सरकारले जंगलको राष्टिझयकरण गऱ्यो, शाही नेपाल वायुसेवा निगमको राष्टिझयकरण गऱ्यो । सरकारले द्वैध मुद्रा प्रचलनलाई समाप्त गरी नेपाली मुद्राको प्रचलनमा विस्तार विनिमय मूल्यमा स्थिरता ल्यायो । नेपाली कांग्रेसको सरकारले सर्वोच्च अदालत, महालेखा परीक्षक र लोक सेवा आयोगलाई स्वतन्त्र र बढी प्रभावकारी बनायो । राष्टिझय उत्थानको निम्ति तथा प्रजातन्त्रको रक्षाको निम्ति सबल आधार शिक्षा नै हो भन्ने नेपाली कांग्रेसको विश्वास अनुरूप सरकारले देशभरिनै स्कूल, कलेज खोल्यो । मुलुकको परराष्टझ सम्बन्धमा पनि नेपाली कांग्रेसको सरकारले आफ्ना छिमेकी मित्र राष्टझहरूसँग राष्टिझय सम्मान र स्वाभीमानलाई बढाउने स्पष्ट र व्यावहारिक सम्बन्धको विस्तार गऱ्यो । मित्र राष्टझ सोभियत संघ, अमेरिका, चीन आदि मुलुकहरूको आवासीय राजदूतावासको स्थापना भयो तथा इजरायल, पाकिस्तान, अष्टझेलिया, वर्मा आदि दर्जनौं मुलुकहरूसँग दौत्य सम्बन्धको थालनी गऱ्यो ।

तर २०१७ साल पौष १ गतेको राष्टझघाती कदमले जनताले चुनेको सरकार र व्यवस्थालाई भंग मात्र होइन जनताको भावना, शक्ति र सम्मान माथि पनि नांगो आक्रमण गऱ्यो । यो प्रतिगामी कदमले नेपाली कांग्रेसको सरकारले थालेको राष्टिझय उत्थानको सारा प्रयासलाई छेक्ने र भत्काउने काम गऱ्यो । जनताको भावना कुल्चिएर तथा जनशक्तिलाई हेला गरी संगीन र सैनिक शक्तिको बलमा पञ्चायती तानाशाही थालिएपछि नेपाली कांग्रेस र यसका कार्यकर्ताहरू २०१७ सालदेखि २०४६ फागुनको जन–आन्दोलनसम्म प्रजातन्त्र देशमा फेरि स्थापना गर्नको निम्ति जेल, नेल, मृत्यु वा निर्वासन भोगेर पनि निरन्तर संघर्षरत रहे ।

नेपाली जनताको ठूलो प्रयत्न र संघर्ष पछि देशमा अहिले प्रजातन्त्र आएको छ । देशमा प्रजातान्त्रिक संविधान पनि लागु भएको छ । तर संविधानमा लेखेर मात्र प्रजातन्त्र फस्टाउँदैन । संविधानको भावना र मर्मलाई निष्ठा र अनुशासनका साथ प्रयोग गर्न निरन्तर जागरुक र सचेत रहेको जनमतले मात्र प्रजातन्त्रको रक्षा र संवर्द्धन गर्न सक्छ । प्रजातन्त्र र प्रजातान्त्रिक मान्यताहरू प्रतिको आफ्नो ४४ वर्ष पुरानो अठोट र संघर्षयात्रालाई साक्षी राखेर नेपाली कांग्रेस आज फेरि एकपटक जनताका सामु देशले हासिल गरेको प्रजातन्त्र र प्रजातान्त्रिक अधिकारहरूलाई सुदृढ र संरक्षण गर्ने संकल्प दोहोऱ्याउन चाहन्छ । यो कलिलो प्रजातन्त्रको रक्षा र यसको संस्थागत विकास गर्ने अर्थमा यो आमचुनाव हामी देशवासीहरूका लागि एउटा महान अवसरको रूपमा आएको छ । आमचुनावको यो अवसरमा जनताको विश्वास पाएर ;

- नेपाली कांग्रेस राष्टझको स्वतन्त्रता, स्वाभीमान र प्रजातन्त्रको रक्षा गरेर राष्टिझयताको संवर्द्धन गर्न चाहन्छ ।
- नेपाली कांग्रेस देशमा स्वतन्त्र, निष्पक्ष र धाँधली रहित प्रजातान्त्रिक चुनावको परिपाटी बसाउन चाहन्छ ।
- नेपाली कांग्रेस राजनीतिमा जनशक्तिको निर्णायक भूमिका र प्रतिनिधि सभाको गरिमा बढाउन चाहन्छ ।
- नेपाली कांग्रेस सरकार र शासन व्यवस्थामा इमान्दारिता तथा जनता प्रति प्रतिवद्धता व्यापक पार्न चाहन्छ ।
- नेपाली कांग्रेस स्वतन्त्र न्यायालय र कानूनी राज्यको मर्यादा स्थापित गर्न चाहन्छ ।
- नेपाली कांग्रेस प्रेस र संचार माध्यमहरूको स्वतन्त्रता र निष्पक्षता स्थापित गर्न चाहन्छ ।

नेपाली कांग्रेस देशमा बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र, जनतामा निहीत सार्वभौम सत्ता तथा जनताका मौलिक अधिकारहरूको सुरक्षा र आर्थिक विकासका निम्ति दृढ प्रतिवद्धता दोहोऱ्याउँदै यो आम चुनावमा जनताको माझ विश्वासको मत पाउन उभिएको छ ।

**प्रजातान्त्रिक समाजवाद र विकासको हाम्रो दृष्टि**

जुन निष्ठाका साथ नेपाली कांग्रेसले प्रजातन्त्र स्थापनाको लडाइ लड्यो त्यही निष्ठाका साथ नेपाली कांग्रेस आर्थिक–सामाजिक क्रान्तिका लागि नेपाली जनतालाई अग्रसर गराउन चाहन्छ । नेपाली कांग्रेस नम्रताकासाथ यो अठोट तमाम दिदी–वैनी, दाजुभाइहरूलाई निवेदन गर्न चाहन्छ ।

देशको आर्थिक र सामाजिक विकासका निम्ति नेपाली कांग्रेसको एउटा व्यापक प्रजातान्त्रिक समाजवादी नीति र दृष्टि छ । यो समाजवादी दृष्टिको प्रमुख चिन्ता कसरी हाम्रो समाजलाई भोक, रोग, अन्याय र अशिक्षाबाट मुक्ति दिलाएर सम्पन्न, एक ढिक्का र सामाजिक कलह रहित बनाउने भन्ने हो । नेपाली कांग्रेस एउटा यस्तो समाज र सामाजिक रितिथिति बनाउन चाहन्छ, जहाँ धन हुनेले केवल आफ्नो सम्पत्तिको वलमा, जहाँ बलियाले केवल आफ्नो बलका भरमा, पढे लेखेकाहरूले केवल खोक्रो विद्वता छाटेर वा शासन सत्तामा बस्नेले केवल निरंकुश शक्तिको आडमा देशको शासन, साधन र श्रीसम्पत्तिमा एकलौटी भोग चलन गर्ने वा हैकम चलाउने परिपाटी समाप्त हुने छ ।

देशको शासन सत्ता, सुविधा र सम्पन्नता- हलो कोदाली गर्ने ग्रामीण किसान, मजदुर, सामाजिक असमानताको बोझले थिचिएका महिलाहरू, अवोध केटाकेटीहरू, असहाय वृद्ध–वृद्धाहरू, पिछडिएका जात–जातिका मानिसहरू तथा न्यूनवेतनमा जीवन धान्नेहरूको माझ पुऱ्याउने संकल्प प्रजातान्त्रिक समाजवादको मूल लक्ष्य हो ।

प्रजातान्त्रिक समाजवाद समता र सामाजिक न्याय गरीब र निमूखा जनतासम्म पुऱ्याउने एउटा रचनात्मक प्रयास हो । प्रजातान्त्रिक समाजवाद एउटा आन्दोलन पनि हो – हरेक किसिमका राजनैतिक, आर्थिक र सामाजिक शोषणका विरुद्ध ।

उत्पादनका साधन र स्रोतहरूमा स्वामित्वको बनौटले मात्र समाजवादको परिभाषा हुन सक्तैन । कृषि क्षेत्रमा होस् वा औद्योगिक क्षेत्रमा उत्पादनको प्रतिफल न्यायपूर्ण तरीकाले जनताले भोग्न पाएका छन् कि छैनन् ? उत्पादन प्रबन्धमा श्रम पसीना बगाउनेहरूको अमानवीय शोषण भएको छ वा छैन ? श्रम पसीना बगाउनेहरूले श्रमको उचित पारिश्रमिक, सुविधा, स्वतन्त्रता र प्रजातान्त्रिक अधिकार उपभोग गर्न पाएका छन् वा छैनन् ? यी आधारहरूको कसीमा पनि समाजवाद जाँचिनु पर्छ । सरकारको सर्वव्यापी हस्तक्षेप र नियन्त्रणले मात्र समाजवाद आउँदैन ।

प्रजातान्त्रिक परिपाटीमा राष्टभ्र विकासको सम्पूर्ण कारकतत्व राज्य वा सरकार मात्र हुन सक्दैन । विकास मूलतः जनताको प्रत्यक्ष र सक्रिय सहभागिताबाट मात्र बढी जनमुखी र लाभदायक हुन्छ । त्यसैकारण नेपाली कांग्रेस विकास योजनाको तर्जुमादेखि क्रियान्वयनसम्म, विकास आयोजनाहरूको निर्माण अवधिदेखि तिनको मर्मत र रेखदेखको चरणसम्म ग्रामीण र स्थानीय तह मै जनतालाई अधिकार सम्पन्न गर्ने र उनीहरूको सहभागीता बढाउने कुराको पक्षपाती छ ।

खेत–जग्गा, उद्योग–व्यापार तथा देशका सबै श्रीसम्पत्ति सरकारको जिम्मा हुनुपर्छ भनेर संसारभरि कम्युनिस्टहरूले ल्याउन खोजेको समाजवादले वास्तवमा कम्युनिस्ट देशहरूमा घोर अभाव र विपन्नता, भ्रष्टाचार, तानाशाही र नरसंहार ल्यायो । त्यसैकारण अहिले एकपछि अर्को मुलुकमा कम्युनिस्ट शासनलाई त्यहीका जनताले फ्याँकिरहेका छन् ।

राजनैतिक र आर्थिक व्यवस्था राष्टभ्रका विकास रथका दुइवटा पांग्रा हुन् । त्यसैले देशमा प्रजातन्त्र नभई आर्थिक विकास हुन सक्तैन भन्ने नेपाली कांग्रेसको धारणा रहिआएको हो । सैनिक निरंकुश तानाशाहहरू तथा एकदलीय साम्यवादी अधिनायकवादीहरू भने प्रजातन्त्र र जनताको अधिकार खोसेर आर्थिक विकासको छोटो र सजिलो बाटो हुन्छ भन्ठान्दछन् । हाम्रो देशका पञ्चायती तानाशाहहरूले तथा संसारका धेरै अरू सैनिक शासन, निरंकुश राजतन्त्र तथा साम्यवादी तानाशाहहरूले प्रजातन्त्र मासेर तथा जनताको अधिकारको बेवास्ता गरेर आर्थिक विकास गर्ने झुट्ठा प्रयत्न गरे । आज सारा संसारबाट तानाशाहीको यस्तो बाटो झुट्ठा र असफल प्रमाणित भएको छ ।

वास्तवमा मान्छेको आवश्यकता केवल रोटी र भोजनमा मात्र सीमित हुँदैन । मान्छेलाई स्वतन्त्रता, कला, साहित्य, संगीत, दया, स्नेह, करुणा र धर्मको भावलाई जीवित राख्ने सांस्कृतिक र आध्यात्मिक चेतना पनि चाहिन्छ । त्यसैले नेपाली कांग्रेसले देशमा विकासको थालनी गर्दा जनताको निम्ति खान लाउने सुविधा मात्रै होइन जनताको स्वतन्त्रता, स्वाभीमान तथा उनीहरूको सांस्कृतिक र आध्यात्मिक आवश्यकतालाई पनि सम्मान गर्ने र पूरा गर्ने विकास थाल्नुपर्छ भन्ने दृष्टि राखेको छ ।

नेपाली कांग्रेसको दृष्टिमा विकास भनेको पूँजी र प्रविधिको लगानी गर्ने यान्त्रिक प्रक्रिया मात्रै होइन । विकास मुलतः एउटा सामाजिक र राजनैतिक प्रक्रिया हो । त्यसैले देश विकासको प्रयासमा नेपाली कांग्रेसले पूँजी र उपयुक्त प्रविधिको प्रयोग सँगसँगै जनता र जनशक्तिलाई संगठित र सञ्चालित गर्ने कुरालाई प्राथमिकता दिने छ ।

देशको विकास जनताको दृष्टिकोण, विचार र व्यवहारमा उपयुक्त परिवर्तनसँगै प्रारम्भ हुन्छ । त्यसैले राष्ट्भ्र उत्थानका लागि नेपाली कांग्रेस देशवासीहरूको हृदयमा आफ्नो समाज तथा देश प्रति गहिरो भावनात्मक लगाव र प्रतिवद्धता, र निमुखा देशवासीहरूका प्रति सेवाको भाव र दायित्व बोध जन्माउने एउटा नयाँ संस्कृतिको निर्माण गर्न कटिवद्ध रहनेछ ।

३० वर्ष अघि जनताले जिताएर पठाएको प्रधानमन्त्रीको हैसियतले नेपाली कांग्रेसका नेता विश्वेश्वरप्रसाद कोइरालाले १५ वर्ष भित्र प्रत्येक नेपाली परिवारलाई कम्तिमा आफ्नो सरह मध्यम वर्गीय हैसियतमा पुऱ्याउने अठोट व्यक्त गर्नु भएको थियो । जनताका प्रधानमन्त्री कोइरालाले राजाका अगाडि उभिएर भन्नु भएथ्यो- प्रत्येक नेपाली परिवारको कम्तिमा मेरो जस्तो आफ्नो घर होस्, मलाई सरह उनीहरूलाई खान लाउन पुगोस्, मेरा बालबच्चा सरह उनीहरूको छोराछोरीले पनि स्कूल पढ्न जान पाउन् र विरामी पर्दा तिनको औषधी उपचार हुन सकोस् अनि गोठ आँगनमा दुहुना गाई भैंसी हुन सकुन् । यो अठोट गर्ने जनताको प्रधानमन्त्री र नेपाली कांग्रेसको सरकारलाई दुर्भाग्यवश १८ महिना नपुग्दै बन्दी बनाइयो ।

आज ३० वर्ष पछि नेपाली कांग्रेस फेरि एकपटक यो संकल्पलाई दोहोऱ्याउन चाहन्छ किनभने आज पनि बहुसंख्यक नेपालीहरू जीवनका न्यूनतम आवश्यकताबाट वंचित छन् ।

नेपाली कांग्रेस आगामी १५ वर्षभित्र देशका बहुसंख्यक गरीब ग्रामीण किसान, मजदुर, सुकुम्वासीहरू, स–साना उद्यमी र व्यवसायीहरू, सीमित वेतनभोगी, शिक्षक र कर्मचारीहरू र भू.पू. सैनिकहरू, महिला समुदाय, वृद्ध–वद्धाहरू तथा पिछडिएका विभिन्न जात–जातिका मानिसहरूलाई आफ्नो घर, शिक्षा दिक्षा, खाने लाउने सुविधा, औषधीमूलो, यथोचित मनोरञ्जन प्राप्त गर्न सक्ने कमाइको स्थितिमा पुऱ्याउने संकल्प व्यक्त गर्दछ ।

यही संकल्प अघि राखेर सरकारले योजनाहरू बनाउनु पर्दछ । विकासका कार्यक्रमहरूको तर्जुमा गर्नु पर्दछ तथा पूँजीको लगानी निर्दिष्ट गर्नुपर्दछ भन्ने नेपाली कांग्रेसको धारणा छ । आगामी सरकार बनाउन निर्वाचित भएर जाँदा देशको आर्थिक विकास र योजनाको निम्ति प्रेरणा र बाटो देखाउने तत्व नेपाली कांग्रेसको निम्ति यही अठोट हुनेछ ।

आम चुनावमा जनताको विश्वास पाएर राष्ट्भ्र र समाजको पुनर्निर्माण गर्ने प्रजातान्त्रिक समाजवादी विकासको दृष्टिले प्रेरित;

- नेपाली कांग्रेस देशमा मिश्रित अर्थ प्रणाली अपनाई नेपाली समाजलाई संवृद्धिको बाटोमा अघि बढाउन चाहन्छ ।
- नेपाली कांग्रेस देशबाट भोक, रोग, अशिक्षा र गरीबी समाप्त पार्न उत्पादन वृद्धिका साथै न्यायोचित वितरण प्रणालीद्वारा विकासको प्रतिफल सर्वसाधारण जनतासम्म पुऱ्याउन चाहन्छ ।
- नेपाली कांग्रेस उत्पादन प्रबन्धमा श्रम पसीना बगाउनेहरूको सहभागीता स्थापित गर्न चाहन्छ ।
- नेपाली कांग्रेस सामन्ती व्यवस्थाका सबै अवशेषहरू समाप्त गर्ने उद्देश्यले देशमा जातीय, क्षेत्रीय, धार्मिक र स्त्री पुरुष बीचको भेदभाव, असमानता र कुरीतिहरू हटाई एउटा समतामूलक संस्कृतिको निर्माण गर्न चाहन्छ ।
- नेपाली कांग्रेस देशको सबृद्धि र शासन सत्ता गरीब, शोषित र पीडित जनतासम्म पुऱ्याएर सामाजिक र आर्थिक समानताको लक्ष्य हासिल गर्न चाहन्छ ।
- नेपाली कांग्रेस बृद्ध बृद्धाहरूलाई, अशक्त र असहायहरूलाई सम्मानीत रूपमा जीवन धान्न सक्ने पेन्सन र अन्य सामाजिक सुरक्षाको सुविधा पुऱ्याउन चाहन्छ ।

**दिदी वैनी, दाजु भाइहरू,**

देशका वहुसंख्येक जनतामा अहिले घोर गरीबी, रोग, अशिक्षा र असमानता व्याप्त छ । त्यसैले हाम्रो देश अहिले कमजोर र जर्जर भएको छ । यो अभाव, रोग, भोक र अज्ञानता भाग्यको लेखा होइन, वर्षौंदेखि राजनैतिक सामाजिक र आर्थिक शोषण र विकृतिका कारणले गर्दा हो । नेपाली जनताको मेहनत र अनुशासन, देशमा उपलब्ध साधन, सीप र श्रोत तथा विदेशी मित्रहरूको सहयोगको इमान्दारीपूर्वक प्रयोग गर्न सके हामी यो गरीबी अशिक्षा र अज्ञानताबाट पक्कै पनि मुक्ति पाउन सक्छौं । यो आगामी आम चुनावले हामीलाई मुक्ति र राष्टभ्रको उत्थान गर्ने एउटा सुनौलो मौका प्रदान गरेको छ । यो महान अवसरमा नेपाली कांग्रेस देशमा प्रजातन्त्रको रक्षा र संवर्द्धन गर्ने तथा देश र जनताको आर्थिक विकास र सवृद्धि गर्ने अठोट गरेर देशवासीको विश्वास र सहयोग माग्दछ – त्यस्तै सहयोग र विश्वास जुन देशको अघिल्लो पुस्ताले नेपाली कांग्रेसलाई २०१५ सालमा दिएको थियो ।

**नेपाली कांग्रेस राष्टिभ्रय एकता र समन्वय ल्याउने पार्टी हो ।**

प्रत्येक नेपालीको निम्ति समान राजनैतिक अधिकार – सामाजिक न्याय र आर्थिक सवृद्धिको खोजी गर्दै संघर्ष गरिराखेको नेपाली कांग्रेस सम्पूर्ण नेपाली जनताको पार्टी हो । हिमालदेखि मधेशसम्म, मेचीदेखी महाकालीसम्म, नेपालका सम्पूर्ण पाखा र मैदान, उकाली र ओराली, खोच र भन्ज्याँङहरूमा बस्ने विभिन्न धर्म, जाति–प्रजाति संप्रदाय र संस्कृतिका समस्त नेपाली किसान, मजदुर, उद्यमी, शिक्षक, विद्यार्थी, वुद्धिजीवी, भूतपूर्व सैनिक, राष्टभ्र सेवक, कर्मचारी लगायत समस्त नरनारीको प्रगतिशील भावनालाई प्रतिनिधित्व गर्दै नेपाली कांग्रेस अघि बढ्न चाहन्छ ।

नेपाली कांग्रेस कुनै एक वर्ग, जाति वा धर्ममा सीमित छैन । नेपाली कांग्रेस देशको सम्पूर्ण भाषाभाषीहरू सबै धर्म संस्कृति र सम्प्रदायका अनुयायीहरू तथा सबै जाति, सेवा, श्रम र क्षेत्रका मानिसहरूलाई आपसी विश्वास र सहयोगको भावनामा बाँधेर राष्टिभ्रय एकताको निर्माण गर्ने पार्टी हो ।

नेपाली कांग्रेसको काँधमा इतिहासले दिएको एउटा विशिष्ट जिम्मेवारी के छ भने यसले समानताको व्यापक सिद्धान्त अँगाल्दै विविध विचारधारालाई सन्तुलन र समन्वयमा ल्याएर देशमा स्थिरता र प्रगति ल्याउनु परेको छ । यही गरिमापूर्ण जिम्मेवारीलाई सम्झेर नेपाली कांग्रेस सबै किसिमका अतिवादबाट आफू पनि जोगिदै र देशलाई पनि जोगाउदै प्रजातान्त्रिक समाजवादको मार्गबाट अघि बढ्न चाहन्छ र देशमा सबैको उन्नति र प्रगति चाहन्छ ।

जनताको विश्वास पाएर नेपाली कांग्रेस आम चुनावमा विजयी भएपछि यसको सरकारले आफ्ना निम्न नीतिगत प्रतिवद्धता, कार्यक्रम र अठोटका आधारमा नेपालको विकास र नेपाली समाजको पुनर्निर्माण गर्नेछ ।

**गाउँको विकास – नेपालको विकास**

देशको ९१ प्रतिशत जनता ग्रामीण क्षेत्रमा बस्ने हुँदा नेपाल वास्तवमा गाउँमा बस्छ । त्यसैले नेपालको आर्थिक विकासको प्रयत्न र प्राथमिकता मूलतः ग्रामीण जनताको जीवनस्तर उकास्नेपट्टि लक्षित हुनु पर्दछ । गाउँ र ग्रामीण जनताको उत्थान नभएसम्म देशको वास्तविक विकास हुन सक्दैन भन्ने नेपाली कांग्रेसको दृष्टिकोण छ । त्यसैले नेपाली कांग्रेस गाउँतिर जाउ – गाउँलाई हेर भन्ने आफ्नो २०१५ सालमा गरेको अठोटलाई पुनः दोहोऱ्याउँछ ।

अहिले शासन सत्ता, संवृद्धि र साधन केही शहरमा मात्र केन्द्रित छन् । नेपाली कांग्रेसले शासन, सम्पन्नता, शिक्षा, स्वास्थ्य र रोजगारीका सुविधाहरू गाउँसम्म पुऱ्याउने अठोट राखेको छ । त्यसैले योजना र विकास कार्यक्रमको छनौट र क्रियान्वयन गर्दा ग्रामीण सहभागीता जुटाउने तथा सरकारसँग उपलब्ध हुने पूँजी र साधनको कम्तिमा ७० प्रतिशत हिस्सा ग्रामीण विकासको निम्ति लगानी गर्न नेपाली कांग्रेस प्रतिवद्ध छ ।

भोक, असुविधा तथा बेरोजगारीका कारणले गर्दा ग्रामीण जनताले आफ्नो गाउँ, माटो, परिवार र समाजलाई त्यागेर वाध्य भई बसाइँ सराई गर्नु नपरोस् । त्यसैले नेपाली कांग्रेसको सरकारले विदेशी सहायता तथा अन्तर्राष्टिभ्रय गैर सरकारी

संस्थाहरूको सेवा र सहयोगलाई ग्रामीण विकासका निम्ति सञ्चालित गरी उपयुक्त प्रविधिमा आधारित साना तथा घरेलु उद्योगहरू तथा कृषिजन्य उद्योगहरू खोलेर गाउँमै आय र रोजगारीको अवसरमा वृद्धि गराउने छ ।

ग्रामीण विकासको पहिलो शर्त देशका साना किसानहरू, महिलावर्ग तथा पिछडिएका जात–जातिका मानिसहरूको आयमा तत्काल वृद्धि गर्नु तथा उनीहरूको जीवतस्तर उकास्नु हो । त्यसैले नेपाली कांग्रेसको सरकारले गाउँमा नयाँ व्यवसायमूलक सीप र तालीमको व्यवस्था गरी गाउँको परम्परागत सीप र व्यवसायलाई पनि बढी आयमूलक बनाउन कार्यक्रम सञ्चालन गर्ने छ ।

गाउँ–गाउँमा निःशुल्क माध्यामिक शिक्षाको विस्तार गर्ने, व्यापक प्रौढ साक्षरता र शिक्षाको प्रचार गर्ने, रहनसहनको स्वस्थकर जीवन शैली तथा कुपोषण समस्याका वारेमा जानकारी दिने, संक्रामक रोगहरूबाट बच्ने प्रतिरोधात्मक स्वास्थ्य शिक्षाको ज्ञान र परिवार नियोजन शिक्षाको ज्ञान दिने रक्सी जाँड र चुरोटको सेवनका विरुद्ध चेतना फैलाउने तथा वन–जंगलको रक्षा गर्ने कार्यक्रमलाई नेपाली कांग्रेसको सरकारले प्रोत्साहित गर्नेछ ।

नेपाली कांग्रेसको सरकारले आगामी दश वर्ष भित्र सबै ग्रामीण जनतालाई शुद्ध पिउने पानीको व्यवस्था गर्ने छ । ग्रामीण विद्युतिकरणको निम्ति नेपाली कांग्रेसको सरकारले नीति र कार्यक्रम सञ्चालन गर्ने छ ।

नेपाली कांग्रेसको सरकारले “कामका लागि खाद्यान्न” जस्ता कार्यक्रमलाई ग्रामीण बाटो, विद्यालय भवन निर्माण, सिंचाई आदिका कार्यहरूमा केन्द्रित गरी ग्रामीण रोजगारीको अवसरमा वृद्धि गर्ने छ ।

भूमिहीन एवं बाढी पहिरोबाट पीडित सुकुम्वासी जनतालाई भूमि वितरण गरी बसोबास गराउने नीति नेपाली कांग्रेसको सरकारले लिनेछ ।

- नेपाली कांग्रेसको सरकारले आवश्यकता हेरी सहकारिता तथा समूह खेतीको विकास गर्ने छ ।
- कृषिजन्य उद्योगहरूको स्थापना गरी, जमीनको प्रकृतिलाई हेरी फलफूल खेती, साग सब्जी खेती, मत्स्यपालन तथा पशुपालन कार्यक्रमको विस्तार गर्ने विशेष कार्यक्रम सञ्चालन गरी किसानहरूको आय तथा ग्रामीण रोजगारीको अवसरमा वृद्धि गराइने छ ।
- मोहीहरूको हक हितको संरक्षण गर्न नेपाली कांग्रेस पहिल्येदेखि वचनवद्ध छ । वास्तविक मोहीहरूको हकहितको रक्षा र उनीहरूले पाउने अधिकार दिलाउन सरकारले मोहीहरूको वैज्ञानिक लगत वा रेकर्ड बनाउने छ ।
- नेपाली कांग्रेसको सरकारले कृषि संस्थाहरूको हालको संस्थागत संरचना र कार्यशैलीमा व्यापक सुधार गर्ने छ । किसानहरूका आफ्नो सक्रिय सहभागीताद्वारा साझा संस्थालाई बढी उपयोगी र प्रभावकारी बनाउने छ ।
- नेपाली कांग्रेसको सरकारले सरल तरिकाबाट किसानहरूको घरदैलोसम्म कृषि सेवा, कृषि औजार र उपयुक्त प्रविधि, बिउ, मल, कीटनाशक औषधी आदिको सुविधा पुऱ्याउने छ । यातायातको अप्ठ्याराले हरेक वर्ष गाउँका दुर्गम र पहाडी क्षेत्रका किसानहरूले कृषि सेवा र सुविधामा भोग्न परिराखेको कठिनाइलाई ध्यानमा राखी विशेष कार्यक्रमको सञ्चालन गर्नेछ ।
- कृषकहरूको उत्पादनको खडा वालीमै उचित मूल्य निर्धारण तथा कृषि उत्पादन समयमै खरिद र संकलन गर्ने स्थायी नीति नेपाली कांग्रेसले बनाउने छ । यसरी किसानहरूले मध्यस्थहरूको शोषणबाट मुक्ति पाउने छन् ।
- सरकारले किसानहरूलाई विद्यमान अव्यवहारिक, चर्को र चक्रवृद्धि व्याजको शोषणबाट मुक्त गर्न र सुलभ तरिकाबाट ऋण उपलब्ध गराउनका निम्ति व्यापक संस्थागत सुधार गर्नेछ ।
- साना किसान विकास आयोजनाको फल वास्तवमा साना किसानसम्म पुगेको छ वा छैन त्यसको मूल्यांकन गरी साना किसान विकास कार्यक्रमलाई फलदायी र प्रभावकारी बनाउन विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषि उत्पादनमा वृद्धि गर्न सिंचाई सुविधामा विस्तार गर्ने नीतिलाई सरकारले प्राथमिकता दिनेछ । हाल भैराखेको कुलो, बाँध, पैनीमा उचित मर्मत तथा स्याहार, तराई क्षेत्रमा वोरिंग तथा सतह सिचाइद्वारा थप सिंचाई सुविधाको विस्तार, पहाडी क्षेत्रमा उपयुक्त सिंचाइको व्यवस्था तथा देश भरि नै नदीनालाहरूबाट थप सिंचाइ आयोजनाहरूको लागि नेपाली कांग्रेसले देशका आफ्ना साधन र स्रोतका साथै विदेशी सहायता र उपयुक्त प्रविधि जुटाउन नीति र कार्यक्रम बनाउने छ ।

- कृषि उत्पादन तथा अन्य उपभोग सामग्रीको मूल्यमा अवाञ्छित रूपमा बढ्दो अन्तरलाई नियन्त्रित गर्न सरकारले उचित मूल्य नीति र बजार नियन्त्रणका लागि आवश्यक नीतिगत निर्णय गर्नेछ ।
- देशभित्र मलखादको आपूर्तिमा वृद्धि गर्न आगामी ५ वर्षभित्र देशमा मलखाद कारखाना खोल्नका लागि सरकारले आवश्यक प्रयत्न र प्रोत्साहन प्रदान गर्नेछ ।
- कृषि उत्पादनका लागि आवश्यक विद्युतशक्तिको विस्तार तथा विद्युत महशुलमा सहुलियतका साथै अन्य पेटभ्रोलियम इन्धनमा विशेष सहुलियत प्रदान गरिने छ ।
- विद्युत शक्ति, गोबर ग्याँस, जैबीक ग्यास तथा सौर्य शक्ति आदिको उपयोगद्वारा इन्धनको संकट कम गर्ने तथा वातावरणको प्रदूषण जोगाउनेपट्टि किसानहरूको ध्यान आकर्षित गरिने छ ।
- नेपाली कांग्रेसको सरकारले जिन्सी तिरो प्रथालाई समाप्त गर्नेछ । जिन्सी, तिरो लागेका सबै प्रकारका गुठी र छुट गुठी, घर गुठी आदि जस्ता सबै जग्गाहरूको तिरो रैकर सरह गर्नेछ ।
- नेपाली कांग्रेसको सरकारले किसानहरूलाई उन्नत जातका पशुहरू उपलब्ध गराउने कार्यक्रम सञ्चालित गर्नेछ तथा आवश्यक चरन क्षेत्रको विस्तार समेत गर्नेछ । पशु नश्लहरूका विकास तथा चिकित्सा केन्द्रको सुविधा पुऱ्याएर पशु विकास कार्यक्रमलाई प्रोत्साहित गर्नेछ । यसैगरी पशुहरूको निम्ति चारा–दाना, घाँस वा डाले घाँस किसानहरूले सहजै उपलब्ध गराउने कार्यक्रम सरकारले सञ्चालन गर्नेछ ।
- सरकारले तराई क्षेत्रमा फलफूल, उखु, तोरी, सूर्ति, जुट र कपास जस्ता नगदे वालीको खेतीलाई प्रोत्साहित गर्नेछ । पहाडी क्षेत्रमा उपयुक्त हुने फलफूल, अदुवा, अलैची, रेशम, चिया तथा कफी जस्ता वालीहरू लगाउन प्रोत्साहित गर्नेछ । त्यसैगरी लेकमा फलफूल, जडिबुटीको विकास तथा भेडा, च्यांग्रा, चौरी पालन आदिलाई विशेष सुविधा र प्रोत्साहन जुटाइ उन, दुग्ध पदार्थको उत्पादन आदिलाई बढाउने कार्यक्रम सञ्चालन गर्नेछ ।
- देशको कृषियोग्य जमीन र कृषि उत्पादनमा अहिले वर्षेनी बाढी, नदी कटान र पहिरोको कारणले ह्रास भैराखेको छ । त्यसकारण नेपाली कांग्रेसको सरकारले बाढी, नदी कटान र पहिरोलाई नियन्त्रण गर्ने व्यापक तटवन्धन, वृक्षारोपण जस्ता प्रभावकारी नीति र कार्यक्रम सञ्चालन गरी जमीनको क्षय रोक्ने प्रयास गर्नेछ । वस्तुतः बाढी, पहिरो, नदी नालाको नियन्त्रणले खेती योग्य जमीनको क्षेत्रफलमा वृद्धि समेत हुन्छ ।
- सामन्ती प्रथाका अवशेषका रूपमा रहेको कृषि क्षेत्रका वँधुवा मजदुर, कमैया र हलियाहरू माथि हुने शोषणलाई समाप्त गर्ने उद्देश्यले नेपाली कांग्रेसको सरकारले उपयुक्त कानूनको तर्जुमा गर्नेछ ।

**उद्योग र व्यापार**

उद्योग र व्यवसायको क्षेत्रमा नेपाली कांग्रेसको सरकारले सर्वप्रथम विगत ३० वर्षको अवधि भित्र मूलतः भ्रष्टाचार कालोबजारी र नक्कली कारोवारको आधारमा विकसित भएको देशको अस्वस्थ्यकर औद्योगिक संरचनालाई सुधार गर्ने छ । तथा देशको पूँजी श्रम र साधनलाई उत्पादनमूलक र रोगजारमूलक उद्योग व्यवसाय तर्फ लगाउने छ ।

नेपाली कांग्रेस उद्योगी व्यापारी तथा सरकारका बीच एउटा बलियो विश्वासको सम्बन्ध बनोस् भन्ने चाहन्छ । त्यस निम्ति नेपाली कांग्रेसको सरकारले एउटा स्पष्ट र स्थिर औद्योगिक तथा व्यापारिक र बित्तीय नीतिको तर्जुमा गर्नेछ ।

- देशको विद्यमान आर्थिक अवस्था र स्थितिको सन्दर्भमा नेपाली कांग्रेसको औद्योगिक नीतिको उद्देश्य – साना, घरेलु तथा कृषिजन्य उद्योगहरूको विकासलाई प्रोत्साहित गर्नु हुने छ । त्यसैले नेपाली कांग्रेसको सरकारले थोरै पूँजीको लगानी हुने तथा अधिक भन्दा अधिक श्रमशक्तिको उपयोग गर्ने उपयुक्त प्रविधिमा आधारित स–साना उद्योग र घरेलु उद्योगलाई प्रोत्साहित गर्ने उत्पादन प्रणाली अँगाल्ने छ ।
- नेपाली कांग्रेसको सरकारले उत्पादनको न्यायोचित प्रतिफल श्रमिकहरूसम्म पुऱ्याउने तथा व्यवस्थापनमा श्रमिकहरूको सहभागिता बढाउने नीति अँगाल्ने छ ।
- स्वदेशी कच्चा पदार्थमा आधारित तथा रोजगारीमूलक उद्योगको विकासलाई नेपाली कांग्रेसको सरकारले प्रोत्साहित गर्ने छ ।
- नेपाली कांग्रेसको सरकारले यथाशीघ्रभ्र देशका सरकारी संस्थानहरूमा व्याप्त रुग्णता तथा अकुशलतालाई समाप्त गर्ने पट्टि पाइला चाल्नेछ ।
- निजी क्षेत्रको पूँजीको लगानीको उचित संरक्षण गर्दै सरकारले रोजगारीमूलक, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने खालका उद्योगहरूको विकास गर्ने निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिनेछ ।

- उद्योग धन्दाको विकास गर्दा नेपाली कांग्रेसको सरकारले देशको भौगोलिक, आर्थिक र वातावरणीय सन्तुलनतर्फ विशेष ध्यान दिने छ ।
- उत्पादन वृद्धि नभई वितरणको समस्या हल नहुने हुँदा उद्योगको क्षेत्रमा स्वदेशी विदेशी र संयुक्त पूँजी लगानीलाई समूचित प्रोत्साहन र सुरक्षा प्रदान गरी राष्ट्रको औद्योगिक विकास गर्ने अठोट नेपाली कांग्रेसको छ । उत्पादन वृद्धि गराउने यस्तो उद्योग व्यापारमा श्रमिकहरूको शोषण हुन नदिन सरकारले न्यूनतम वेतन र न्यायोचित सुविधाको पनि निर्धारण गर्नेछ ।
- उद्योग धन्दाको विकासको प्रक्रियामा नेपाली कांग्रेसले आफ्नो प्रजातान्त्रिक समाजवादी नीति अनुरूप मिश्रित अर्थ प्रणाली, अपनाई सरकारी क्षेत्र, निजि क्षेत्र तथा सहकारीतामा आधारित उद्योग व्यवसायलाई आवश्यकता अनुसार प्रोत्साहित गर्नेछ ।
- गाउँमा व्याप्त रहेको विकराल गरीबी र गाउँको पछौटे अवस्थालाई ध्यानमा राखी पहाड र तराइको गाउँ घरमा उपलब्ध श्रम, सीप र साधनको प्रयोग गरी गाउँ घरमै रोगजारीका अवसर र गाउँले जनताको आय वृद्धि गर्ने ग्रामीण उद्योगहरू खोल्ने नीति र कार्यक्रम नेपाली कांग्रेसको सरकारले अपनाउने छ ।
- व्यापारको क्षेत्रमा नीति र कार्यक्रम बनाउँदा नेपाली कांग्रेसको सरकारले देशको व्यापार व्यवसायमा व्याप्त कालो बजारी, तस्करीतन्त्र, कमीशनतन्त्र तथा भ्रष्टाचार निर्मूल गर्ने कुरालाई प्राथमिकता दिनेछ । सरकारले विलासिताका वस्तुहरूको पैठारी नियन्त्रित गरी तथा निर्यात प्रवर्द्धनद्वारा देशको विद्यमान व्यापार असन्तुलनलाई कम गर्ने छ ।
- नेपाली कांग्रेसको सरकारले देशको औद्योगिक नीति, मौद्रिक र वित्तीय नीतिसँग तालमेल खाने एउटा स्थिर र स्पष्ट व्यापार नीति अपनाउने छ ।
- व्यापार नीतिको तर्जुमा गर्दा नेपाली कांग्रेसको उद्देश्यहरू:–
  (क) देशमा स्वस्थ व्यापारको विकास गर्नु
  (ख) नेपाली जनताको सीपको विशेषता देखिने तथा देशलाई तुलनात्मक फाइदा भएको व्यापार व्यवसायलाई प्रोत्साहित गर्नु
  (ग) तथा नेपाली उपभोक्ताहरूलाई सुलभ र सुपथ मोलमा आवश्यक वस्तुहरू र सेवा उपलब्ध गराउनुहुनेछ ।
- नेपाली कांग्रेसको सरकारले स्वदेशी कच्चा पदार्थ र श्रममा आधारित वस्तुहरूको निर्यात व्यापारलाई प्रोत्साहित गर्नेछ । विदेशी बजारमा बढी मूल्य भएका निर्यात योग्य वस्तुहरूको पहिचान गरी ती वस्तुहरूको निर्यात व्यापारलाई विकसित गरिनेछ ।
- वस्तुको पैठारी गर्दा देशभित्र रोजगारीमूलक तथा निर्यातमूलक उद्योगको विकासलाई चाहिने तथा आम जनताको लागि आवश्यक वस्तुहरूको पैठारीलाई प्रोत्साहन र सहुलियत प्रदान गरिनेछ ।
- विलासिताका वस्तुहरूको अनियन्त्रित पैठारी, तस्करी र कालो बजारीलाई बढाउने खालका व्यापारलाई नियन्त्रित गरिने छ ।
- यातायातको असुविधाले गर्दा देशका अप्ठयारा पहाडी क्षेत्रहरूमा आपूर्तिका समस्या र अनियन्त्रित मूल्य वृद्धिको बोझले प्रभावित आन्तरिक व्यापारलाई सजिलो र जनतालाई राहत दिने खालको बनाउन नेपाली कांग्रेसको सरकारले विशेष प्रयत्न गर्नेछ ।
- अन्तर्राष्ट्रिय व्यापारको प्रक्रिया सजिलो सरल र उदार बनाउने दृष्टिले इजाजतपत्र वा कोटा निर्धारण गर्ने नीतिको प्रयोग केही चुनिएका वस्तु र सेवाहरूमा सीमित गरिने छ ।

**शिक्षा – शिक्षक र विद्यार्थी**

शिक्षामा देखा परेको शैक्षिक गुणस्तरको ह्रास आजको राष्ट्रिय चिन्ताको विषय हो । तसर्थ नेपाली कांग्रेसको शिक्षा नीति शिक्षा सेवामा विस्तारको साथै शिक्षाको गुणस्तरमा वृद्धि पट्टि विशेष रूपले केन्द्रित रहनेछ । गाउँका साधारण विद्यालय र वोर्डिङ स्कूलका बीचको शैक्षिक भिन्नताले देशका नागरिकहरूमा ल्याएको भिन्नताको अवस्था पनि चिन्ताको विषय भएको छ । यी समस्या समाधान गर्नका लागि साधारण विद्यालयहरूको शैक्षिक स्तरमा सुधार ल्याउन जरुरी छ । यी सबै कारणले गर्दा नेपाली कांग्रेसले देशको शिक्षा पद्धतिमा गुणात्मक परिवर्तन गरी शिक्षाको प्रजातान्त्रिकरण गर्ने लक्ष्य राखेको छ । यस्तो सुधार गर्न नेपाली कांग्रेसको सरकारले शिक्षक, विद्यार्थी, अभिभावक तथा विशेषज्ञहरू समेतका प्रतिनिधित्व गराई सुहाउँदो शिक्षा नीति र योजनाको तर्जुमा गर्नेछ ।

- नेपाली कांग्रेसको सरकारले पूर्वी नेपाल र पश्चिमी नेपालमा एक एक ओटा नयाँ विश्वविद्यालय तीन वर्ष भित्र खोल्ने छ।
- आगामी दश वर्षभित्र सम्पूर्ण केटा–केटीहरूलाई प्राथमिक शिक्षाका अवसर उपलब्ध गराउने नीति र कार्यक्रम नेपाली कांग्रेसको आगामी सरकारले ल्याउने छ। प्राथमिक स्तरसम्म आ–आफ्नै मातृ भाषामा शिक्षा प्रदान गर्न नेपाली कांग्रेसको सरकारले उपयुक्त पाठ्यक्रमको विकास गर्नेछ। स्कूल जाने उमेरका सबै केटाकेटीहरूलाई अनिवार्य रूपले स्कूल जाने आर्थिक – सामाजिक वातावरणको श्रृजना गरिने छ।
- नेपाली कांग्रेसले दश वर्ष भित्र नेपालमा निरक्षरता समाप्त गर्ने लक्ष्य अंगालेर निःशुल्क पौढ शिक्षाको व्यापक कार्यक्रम सञ्चालन गर्नेछ।
- नेपाली कांग्रेसले माध्यामिक शिक्षा चरणवद्ध रूपमा निःशुल्क गराउने छ। यसका साथै देशको उच्च शिक्षा सुलभ र स्तरीय गराई सबै प्रतिभाशाली विद्यार्थीलाई उच्च शिक्षाको समान अवसर प्रदान गरिने छ।
- माध्यामिक शिक्षा देखि नै प्रतिरोधात्मक स्वास्थ्य सेवाका बारेमा प्रारम्भिक ज्ञान, कृषि उत्पादन तथा वस्तुभाउहरूमा लाग्ने संभावित रोग र तिनको निवारण गर्ने जस्ता प्रारम्भिक ज्ञान प्रदान गरी ग्रामीण विकासलाई टेवा पुऱ्याउने शिक्षा, कार्यक्रमको विकास गरिने छ।
- हाम्रो देशको समृद्धि र विकासको सवल आधार सचेत र शिक्षित जनशक्ति हो भन्ने नेपाली कांग्रेसको धारणा छ। त्यसैले नेपाली कांग्रेसले रोजगारमूलक व्यवसायिक शिक्षा तथा वैज्ञानिक एवं प्राविधिक जनशक्ति निर्माण गर्ने शिक्षा पद्धतिलाई विशेष रूपमा प्रोत्साहित गर्ने छ।
- जनताले खोलेका प्रस्तावित विद्यालयहरूलाई क्रमशः स्थायी स्वीकृति दिदै जाने र आवश्यक सहयोग उपलब्ध गराउने नीति सरकारले लिने छ।
- छात्राहरू तथा पिछडिएका वर्गका वाल वालिकाहरूका लागि विभिन्न सुविधा र छात्रवृत्तिहरूको यथेष्ट मात्रामा प्रवन्ध गरिने छ।
- संस्कृत भाषा देशको प्राचीन सभ्यता र संस्कृतिको धरोहर हो। नेपाली कांग्रेसको सरकार संस्कृत शिक्षाको परम्परा जोगाउन तथा संस्कृत शिक्षालाई बढी वैज्ञानिक र रोजगारमूलक बनाउन कटिबद्ध रहने छ।
- विद्यार्थी वर्गको नैतिक, चारित्रिक, मानसिक र शारीरिक, विकासमा सरकाले विशेष ध्यान दिने छ। देशको तरुण शक्तिलाई खेलकुद र साँस्कृतिक क्षेत्रका विभिन्न कार्यक्रममा संलग्न गराउनेपट्टि नेपाली कांग्रेसको ध्यान केन्द्रित रहनेछ।
- शिक्षक वर्ग शिक्षा, ज्ञान र राष्टिभ्रूय चेतनाको विस्तार गर्ने राष्टभ्रू उत्थानका बलिया आधार स्तम्भ हुन्। अनुशासन र चारित्रिक निर्माणको मुहान पनि हो शिक्षक वर्ग। त्यसैले शिक्षक वर्गको पेशागत हक हित, मर्यादा, सुविधा र सम्मानको रक्षा र संवर्द्धन नेपाली कांग्रेसको सरकारले गर्नेछ।

**स्वास्थ्य सेवा**

स्वास्थ्य नै जीवन हो भन्ने भनाईलाई हृदयंगम गरी प्रत्येक नेपाली नागरिकले स्वस्थ जीवन बाँच्न पाउने आर्थिक सामाजिक परिवेशको निर्माण नेपाली कांग्रेसले गर्नेछ। नेपाली कांग्रेसको स्वास्थ्य नीतिको मूल उद्देश्यः

(क) देशमा चिकित्सक तथा स्वास्थ्यकर्मी जनशक्तिको वृद्धि गराउनु

(ख) प्रतिरोधात्मक स्वास्थ्य सेवालाई विशेष प्राथमिकता दिनु तथा

(ग) रोगको उपचार सेवाका निम्ति प्रत्येक जिल्लामा साधन सम्पन्न अस्पतालको निर्माण गर्नु हुनेछ।

- अहिले गरीब र निमुखा नेपालीहरू अनेकौं रोगहरूका कारण कष्टमय जीवन यापन गर्दैछन् र अकाल मृत्युको शिकार हुने गर्छन्। यसरी देशको ठूलो श्रमशक्ति र समय रोग र अकाल मृत्युका कारण राष्टभ्रू उत्थानको निम्ति उपयोग नै हुन पाउन्न। त्यसैले ती जनताहरूलाई रोगबाट मुक्ति दिलाउने तर्फ नेपाली कांग्रेसको सरकारले आगामी दश वर्ष भित्र सबै नेपालीलाई व्यापक स्वास्थ्य सेवा उपलब्ध गराउने छ।
- नेपाली कांग्रेसको सरकारको स्वास्थ्य नीतिको एउटा प्रमुख उद्देश्य देशमा प्रतिरोधात्मक स्वास्थ्य सेवाको विस्तार गर्नु हो। यस निम्ति विभिन्न रोगहरूका विरुद्ध सरकारले प्रतिरोधात्मक खोप सेवालाई देशव्यापी रूपमा विस्तार

गर्नेछ । हरेक गाउँमा स्वास्थ्य सेवा केन्द्रहरू खोलिने छन् र ती स्वास्थ्य सेवा केन्द्रहरूमा पर्याप्त औषधीको वन्दोवस्त गरी जनतालाई निःशुल्क प्राथमिक उपचार तथा स्वास्थ्य सम्बन्धी ज्ञान प्रदान गरिने छ ।

- कुपोषण समस्या र त्यसको समाधानका निम्ति राष्टभ्रव्यापी अभियानका रूपमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वस्थकर रहन–सहनको ज्ञान र सुलभ चर्पीको व्यवस्था सम्पूर्ण नेपाली जनतासम्म पुऱ्याउने अभियान चलाइने छ ।
- हाम्रो देशमा करीब ८० प्रतिशत रोगहरू दूषित पिउने पानीको कारणबाट उत्पन्न हुन्छन् । त्यसैले नेपाली कांग्रेसको सरकारले आगामी दश वर्ष भित्र शहर तथा ग्रामीण क्षेत्रका सम्पूर्ण नेपाली जनतालाई शुद्ध पिउने पानी उपलब्ध गराउने नीति र कार्यक्रम बनाउने छ ।
- विभिन्न जिल्लाहरूमा आवश्यकता हेरी शैया सहितका थप अस्पतालहरू खोलिनेछन् । हाल भएका अस्पतालहरूलाई अरू साधन सम्पन्न बनाई चिकित्सकहरूको आवश्यकता पुरा गरी जनतालाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिने छ ।
- नेपाली कांग्रेसको सरकारले देशमा आयुर्वेद चिकित्सा प्रणाली र जडिबूटी प्रशोधन र अनुसन्धानलाई उचित प्रोत्साहन दिने र तिनको विकास गर्नेछ ।

**बाल कल्याण तथा अधिकार**

देशका अवोध शिशुहरू तथा केटाकेटीहरूको धेरै ठूलो संख्यामा वर्षेनी अकाल मृत्यु हुन्छ । राष्टिभ्रय विकासको प्रारम्भिक प्रयास यी निर्दोष शिशु र केटाकेटीहरूको जीवन जोगाउन पट्टि लक्षित हुनुपर्छ तथा निर्दोष केटाकेटीहरूको "बाँच्न पाउने अधिकार" सुरक्षित गरिनु पर्दछ भन्ने नेपाली कांग्रेसको दृष्टिकोण छ ।

- त्यसैले नेपाली कांग्रेसको सरकारले आगामी दशवर्ष भित्र देशमा अहिले विद्यमान शिशु र बाल मृत्यु दरलाई ७५ प्रतिशत कम गर्ने संकल्पका साथ स्वास्थ्य नीति र कार्यक्रम बनाउने छ ।
- बालबालिकाहरू राष्टभ्रका अमूल्य निधी हुन् भन्ने दृष्टि राखेर नेपाली कांग्रेसको सरकारले उनीहरूको स्वास्थ शारीरिक र मानसिक विकास, खेलकुद मनोरन्जन र शैक्षिक विकासको निम्ति बाल कल्याण कार्यक्रमहरूको सञ्चालन गर्नेछ ।

**यातायात विकास**

यातायातको समुचित व्यवस्था विना राष्टभ्र निर्माणको परिकल्पना गर्न सम्भव छैन । त्यसैले नेपाली कांग्रेसले राष्टिभ्रय र स्थानीय आवश्यकतालाई दृष्टिगत गर्दै देशभरि राजमार्ग र सहायक मार्गहरूको निर्माण गरी गाउँगाउँका जनताको जनजीवनलाई सुगम पार्न यातायात सेवाको व्यापक विस्तार गर्नेछ ।

- नेपाली कांग्रेसको सरकारले विभिन्न निर्माणाधीन र प्रस्तावित राजमार्गहरूको उचित मूल्यांकन गरी आगामी दश वर्षमा देशका ७५ वटै जिल्लाका सदरमुकामलाई राष्टिभ्रय यातायात सेवासँग जोड्नेछ ।
- यातायातको विस्तार गर्दा दुर्गम क्षेत्रहरूलाई विशेष प्राथमिकता दिइनेछ । दुर्गम र पहाडी जिल्लामा हवाई सेवाको विकास र विस्तार गरिनेछ । तत्कालीन सुविधाका लागि घोडेटो बाटोको पनि निर्माण गरिने छ ।
- जबसम्म देशका ग्रामीण र पहाडी क्षेत्रहरू राष्टिभ्रय यातायात सेवा र सुविधासँग जोडिदैनन्, केही ठूला र शालीन राजमार्गहरूले मात्र देशमा सन्तुलित विकासको आरम्भ हुन सक्तैन । त्यसैले पहाड र तराईका भित्री भागका गाउँहरूलाई पनि आपसमा जोड्दै सहायक मार्ग र राजमार्गसँग जोड्ने मार्गहरूको निर्माण गरिनेछ ।
- यातायात क्षेत्रको विकास गर्दा बनिसकेका बाटा घाटाहरूको उचित स्याहार संभार र मरम्मततर्फ पनि नेपाली कांग्रेसको सरकारले विशेष ध्यान दिनेछ ।
- यसका साथै यातायात सेवाको विस्तार गर्दा भू–क्षय र वन जंगलका विनाशद्वारा पर्यावरणमा पर्न सक्ने प्रतिकुल प्रभाव न्यूनतम हुने गरी मात्र नेपाली कांग्रेसको सरकारले यातायात विकासको योजना बनाउने छ ।
- पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बिजुलीबाट चल्ने रेल वा टभ्रलिवस चलाउने कार्य नेपाली कांग्रेसको सरकारले गर्नेछ । यस्तै अन्य मार्गहरूमा पनि बिजुलीको रेल वा टभ्रलिवस चलाउने व्यवस्था गरिने छ ।
- जल मार्गद्वारा यातायात सेवाको विकास गर्ने सम्भावनाको पनि नेपाली कांग्रेसको सरकारले खोजी गर्ने छ ।

- यसका साथै ढुवानी सेवा सस्तो र सुलभ गराउन रोपवे को विकास गरिने छ ।
- यातायात सेवाको विस्तारसँगै ठाउँ–ठाउँमा आवश्यक पुल कलभर्ट तथा झोलुंगे पुलको निर्माण गरिनेछ ।

**संचार सेवाको विकास**

आधुनिक संचारका माध्यमहरू मानव जीवनका अभिन्न अंग सरह भएका छन् । पत्र पत्रिका, रेडियो, टेलिभिजन, टेलिफोन, आकाशवाणी तथा हुलाक जस्ता संचार माध्यमले मावन जीवनलाई महत्वपूर्ण रूपमा प्रभावित गर्दछन् । त्यसैले नेपाली कांग्रेसले देशमा सूचना र ज्ञान प्रदान गर्ने एउटा स्वस्थ संचार सेवाको विकासलाई प्रोत्साहित गर्नेछ ।

- नेपाली कांग्रेसले रेडियो, टेलिभिजन तथा पत्र–पत्रिका आदि संचार माध्यमहरूलाई पूर्ण निर्भीक र स्वतन्त्र हुन सक्ने तथा नागरिकहरूको सू–सूचित हुने मौलिक अधिकारलाई रक्षा गर्ने संचार नीति र कार्यक्रम बनाउने छ ।
- संचार माध्यमहरूको स्वायत्तता र स्वतन्त्रतालाई विकसित गर्न सरकारले विना कुनै भेदभाव उचित सहयोग र प्रोत्साहन प्रदान गर्नेछ ।
- संचार सेवाको माध्यमले देशको सबै भागलाई एक अर्कासँग जोड्न नेपाली कांग्रेसले आकाशवाणी, हुलाक र टेलिफोन सेवालाई जिल्लाका सबै सदरमुकाम, बजार इलाकाहरू, ठूला वस्तीहरू तथा आवश्यकता हेरी गाउँमा समेत आगामी दशवर्ष भित्र विस्तारित गर्ने कार्यक्रम बनाउने छ ।
- पूर्व मेचीदेखि महाकालीसम्म तराई र पहाडको सम्पूर्ण क्षेत्रमा रेडियो र टेलिभिजनको सेवा र प्रसारण पुऱ्याउन नयाँ प्रसारण केन्द्रहरूको स्थापना गरी देशका प्रमुख क्षेत्रीय भाषाहरूमा समेत कार्यक्रम प्रसारण गर्ने दृष्टिले नेपाली कांग्रेसको सरकारले संचार नीति बनाउने छ ।
- यसैगरी देशको प्रत्येक गाउँ विकास समितिमा सक्षम र कुशल हुलाक सेवाको विस्तार गरिने छ ।
- निजी क्षेत्रका पत्र पत्रिका र संचार माध्यमहरूलाई उद्योगको रूपमा विकास गर्ने आवश्यक नीतिगत प्रोत्साहन दिइनेछ ।

**परराष्ट्र नीति सम्बन्धी धारणा**

नेपाली कांग्रेसको विदेश नीति सबै राष्ट्रहरूसित समानताका आधारमा मित्रता कायम गर्नु हुनेछ । नेपाली कांग्रेसको दृष्टिमा दुई मित्रराष्ट्रहरू बीचको सम्बन्ध एकचोटीको प्रयास वा सम्बन्धले मात्र बलियो र दिगो हुँदैन । मित्रराष्टहरूसँगको सम्बन्ध निरन्तरको सदभाव र प्रयासले मात्र गाढा र स्थायी हुन्छ । त्यसैले नेपाली कांग्रेसले आफ्ना मित्र राष्टहरूसँग विश्वास र सहयोग बढाउने सक्रिय र गतिशील परराष्ट्र नीतिको अवलम्बन गर्नेछ । संयुक्त राष्ट्रसंघको आफ्नो सदस्यता नेपालले अन्तर्राष्ट्रिय शान्ति स्थापना र विस्तार गर्नका निम्ति उपयोग गर्नुपर्छ भन्ने नेपाली कांग्रेसको दृष्टि रहिआएको छ ।

- नेपाली कांग्रेसको सरकारको परराष्ट्र सम्बन्धको मूल आधार प्रजातन्त्र, मानव अधिकार र विश्व शान्ति प्रतिको प्रतिवद्धता हुनेछ । प्रजातन्त्रमा आधारित मित्र राष्ट्रहरूसँग विश्वास र सुमधुर सम्बन्ध बढाउने नेपाली कांग्रेसको नीति अनुरूप नै मित्रराष्ट्र भारतसँगको सम्बन्धमा आएको गतिरोध समाप्त पार्न नेपाली कांग्रेसको नेतृत्वमा रहेको अन्तरिम सरकार सफल भएको हो । नेपाली कांग्रेसको यही परराष्ट्र नीति र प्रजातान्त्रिक सिद्धान्तका कारणले गर्दा विगत जन आन्दोलनमा हामीले विश्वका प्रजातान्त्रिक मुलुकहरूबाट नैतिक समर्थन पाउन सकेका हौं ।
- नेपाली कांग्रेसको सरकार प्रत्येक मुलुकको स्वाधीनता, राष्ट्रिय अखण्डता र स्वतन्त्रताको पक्षधर हुनेछ । प्रजातन्त्र र मानव अधिकारका निम्ति, रंग भेद, जाति भेदका विरुद्ध हरेक शान्तिपूर्ण संघर्षका प्रति नेपाली कांग्रेसको सरकारले ऐक्यवद्धता प्रदर्शित गर्नेछ ।
- नेपाली कांग्रेस कुनै पनि मुलुकको आपसी विवादलाई युद्धको विनाशकारी बाटोद्वारा होइन शान्तिपूर्ण वार्ता, आपसी छलफल तथा संयुक्त राष्ट्रसंघको मर्यादित परिधि भित्र बसेर समाधान खोज्ने कुराको पक्षपाती छ ।
- विश्व शक्ति सन्तुलनको परिवर्तित सन्दर्भमा नेपाली कांग्रेसको सरकारले अन्तर्राष्ट्रिय सम्बन्धमा सक्रिय असंलग्नता, विश्व शान्ति तथा संयुक्त राष्ट्र संघको अझ बढी प्रभावकारी भूमिकाको निम्ति प्रयास गर्नेछ ।

विश्व शान्ति प्रति प्रतिवद्ध नेपाली कांग्रेस आणविक हातहतियारको संचय र विस्तार हुनु हुँदैन भन्ने सिद्धान्तमा विश्वास राख्दछ ।

- क्षेत्रीय विकास र समझदारीका लागि नेपाली कांग्रेसको सरकारले दक्षिण एशियाई राष्टभ्रहरूका बीच बढी मित्रतापूर्ण सम्बन्ध तथा सार्क संगठनको भूमिकालाई प्रभावकारी बनाउने प्रयत्न गर्नेछ ।
- नेपाली कांग्रेसको सरकारले आफ्ना महान् छिमेकी राष्टभ्रहरूसँग मित्रता र आपसी विश्वासको बलियो सम्बन्ध राख्नेछ । दुई राष्टभ्रहरूका बीच हाम्रो सम्बन्ध वा अन्य कुनै मित्र राष्टभ्रसँग हाम्रो सम्बन्धको वारेमा नेपाली कांग्रेसले कुनै बाह्य हस्तक्षेपलाई स्वीकार गर्नेछैन ।
- प्रजातान्त्रिक नेपालमा आगामी निर्वाचित सरकारको निम्ति एउटा प्रमुख जिम्मेवारी नेपाल भारत सम्बन्धलाई गतिरोध बिहीन पार्ने एउटा स्पष्ट र राम्रोसँग परिभाषित स्थायी समझदारीको विकास गर्नु हो । यसै अर्थमा नेपाली कांग्रेसको सरकारले अहिले २३ मार्च १९८९ पूर्वको यथास्थितिमा फर्किएको नेपाल भारत सम्बन्धलाई अझ बढी विश्वसनीय र वलियो समझदारीको बाटोमा लैजाने छ ।

**विदेशी सहायता**

विगत ३० वर्षमा विदेशी सहायताको ठूलो हिस्सामा भ्रष्टाचार गर्ने र कमिशन खानेहरूको जालो नेपालमा बनेको छ । नेपाली कांग्रेसको सरकारले सबै भन्दा पहिले यो कमिशन तन्त्र र भ्रष्टाचारको जालो तोड्ने छ ।

विदेशी सहायताको क्षेत्रमा नेपाली कांग्रेसको सरकारले देशले आफूले तोकेका प्राथमिकताका क्षेत्रमा विदेशी पूँजीको लगानी हुनुपर्छ – दाता मुलुक वा संस्थाको इच्छामा होइन भन्ने धारणालाई स्थापित गर्ने छ । विदेशी अनुदान कृषि, शिक्षा, स्वास्थ्य, जनसंख्या नियन्त्रण तथा पर्यावरणको रक्षागर्ने आयोजनाहरूमा उपयोग गर्ने नीति सरकारले लिनेछ ।

विदेशी ऋणको लगानी उत्पादनमूलक क्षेत्रमा तथा विदेशी मुद्रा आर्जन गर्ने आयोजनामा लगानी गरिनु पर्दछ । किनभने विदेशी ऋणको व्याज वा नगद भुक्तानीको वोझ देशले सधैं आउने पिढीको काँधमा छोड्नु हुँदैन ।

बढी भन्दा बढी विदेशी सहायता प्राप्त गर्नु महत्वपूर्ण हुँदैन, बरु प्राप्त सहायताको उचित उपयोग महत्वपूर्ण कुरा हो । विगतमा विदेशी सहायताको जथाभावी उपयोगले देशमा राष्टिभ्रय वचत र लगानीको ढाँचामा नकारात्मक प्रभाव परेको छ । विलासिताका वस्तुहरूको व्यापक उपभोग र वैभवको प्रदर्शन गर्ने संस्कृति र रहन सहन देशमा बढेको छ । शहर र ग्रामीण रहन सहनको दुरी बढेको छ । विदेशी सहायतामा निर्भर गर्ने मानसिकता बढी राखेको छ जसको संकेत देशको विकास बजेटमा राजस्वको घट्दो हिस्सा र राजस्व प्रशासनमा व्याप्त शिथिलता हो ।

विदेशी सहायता माथिको बढ्दो निर्भरता कम गर्ने उद्देश्यले नेपाली कांग्रेसको सरकारले देशको आन्तरिक स्रोत र साधनमा बढी निर्भर हुने नीति अँगाल्ने छ ।

विदेशी सहायताको उचित उपयोग नहुँदा अहिले सरकारको अनुत्पादक खर्च बढ्ने प्रवृत्ति पनि बढेको छ । जसले गर्दा देशमा मूल्य वृद्धिको समस्या पनि बढी राखेको छ । नेपाली कांग्रेसले सरकारी क्षेत्रको अनुत्पादक खर्च घटाउन विदेशी सहायता र ऋणको वर्तमान ढाँचालाई पुर्नमूल्यांकन गर्ने छ । पूँजी तथा देशका निम्ति उपयुक्त प्रविधिको उचित प्रयोग र प्रभाव देशमा ल्याउनका लागि द्विपक्षीय, बहुपक्षीय तथा निजी विदेशी लगानीलाई प्रोत्साहित गर्ने छ ।

**जल विद्युत् शक्तिको विकास**

जल विद्युत्को क्षेत्रमा हाम्रो मुलुकलाई तुलनात्मक फाइदा छ । राष्टभ्र विकासको निम्ति जल विद्युत् शक्तिको विकास र उपयोग त्यसकारण एउटा महत्वपूर्ण आधारशिला हुन सक्छ । नेपाली कांग्रेसको सरकार राष्टिभ्रय अर्थतन्त्रको आधार स्तम्भ हुन सक्ने जल विद्युत् शक्तिको पूर्ण उपयोग गर्न संकल्परत छ ।

- हाम्रो देशको जल शक्तिको यो प्रचूर संभावनालाई समयमै उपयोग गर्ने उद्देश्यले नेपाली कांग्रेसको सरकारले आफ्ना मित्र राष्टभ्रहरू तथा अन्तर्राष्टिभ्रय संघ–संस्थाहरूसँग सहयोग प्राप्त गर्न एउटा निर्णायक कुटनैतिक अग्रसरता देखाउने छ ।
- जल शक्तिको विकास गरी नेपाली कांग्रेसको सरकारले देशका सबै गाउँ र वस्तीहरूसम्म बिजुली पु¥याउने छ ।
- नेपाली कांग्रेसको सरकारले ग्रामीण विद्युतीकरणद्वारा दाउरा र मट्टितेलको खपतमा कमी गर्ने तथा स्वस्थकर रहनसहन र वन जंगलको संरक्षणमा सघाउ पु¥याउने तथा पर्यावरणको रक्षामा मद्दत गर्ने नीति लिनेछ ।
- नेपाली कांग्रेसको सरकारले जल विद्युत् शक्तिको उत्पादन विदेशमा निर्यात गरेर राष्टभ्रको आयमा कैयौं गुणा वृद्धि गर्ने कार्यक्रम बनाउने छ । जनताको रहन सहन र जीवनस्तरमा यसबाट ठूलो वृद्धि हुनेछ ।
- जलविद्युत् शक्तिको उत्पादनद्वारा नेपाली कांग्रेसको सरकारले देशमा आयातित उर्जा पेटभ्रोल, डिजेल, मट्टितेल आदिको खपतमा कमी ल्याउने छ । देशको उद्योगधन्दा र कृषि क्षेत्रको विकासमा देशमै उत्पादित विद्युत् शक्तिको उपयोगले ठूलो मद्दत पुग्ने छ । कृषि उत्पादनमा वृद्धि र औद्योगिक उत्पादन सस्तो र सुलभ हुनेछ ।
- नेपाली कांग्रेसको सरकारले विद्युत् शक्तिमा चल्ने यातायात सेवाको विस्तार गरी यातायात सेवा सस्तो र सजिलो बनाउने छ ।
- नेपाली कांग्रेसको सरकारले देशमा स–साना खोलानाला र भ्रर्नाहरूबाट साना जल विद्युत् शक्तिको उत्पादन गर्ने नीति र कार्यक्रमद्वारा ग्रामीण विद्युतीकरण गर्नेछ ।
- साना जल विद्युत् आयोजनाको विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति र कार्यक्रमको तर्जुमा गरिनेछ ।

**पर्यटन विकास**

नेपालको प्राकृतिक सौन्दर्य र साँस्कृतिक धरोहर विश्व विख्यात छ । प्राकृतिक र साँस्कृतिक सम्पदाको यही कारणले गर्दा हामीलाई पर्यटन विकासको क्षेत्रमा तुलनात्मक फाइदा छ । त्यसैले हाम्रो राष्टिभ्रय अर्थतन्त्रको विकास गर्न पर्यटन क्षेत्रको महत्वपूर्ण भूमिका हुन सक्छ । तर यस तर्फ अहिले सम्म नगण्य प्रयास मात्र भएको छ ।

- नेपाली कांग्रेसले अब पर्यटन क्षेत्रलाई नेपाली अर्थतन्त्रको बलियो आधारको रूपमा विकसित गराउने छ । देश भरिकै प्राकृतिक दृष्टिले सुन्दर तथा साँस्कृतिक र ऐतिहासिक दृष्टिले महत्वपूर्ण स्थलहरूलाई आगामी ५ वर्ष भित्र पर्यटन क्षेत्रको लागि विकसित गर्ने एउटा वृहत योजना र कार्यक्रम नेपाली कांग्रेसको सरकारले बनाउने छ ।
- पर्यटन विकासको निम्ति नेपाली कांग्रेसको सरकारले ठूला–ठूला पाँच तारे होटलमा मात्र लगानी गर्ने नीति नलिई तथा पर्यटन सेवा र सुविधाको विस्तार शहरी क्षेत्रमा मात्र सीमित नराखी देशका विभिन्न जिल्लाहरूमा पर्यटन सेवा र सुविधाको विस्तार गर्नेछ ।
- नेपाली कांग्रेसको सरकारले पर्यटकहरूलाई नेपालमा उत्पादित उपभोक्ताका सामग्रीहरू तथा नेपाली रहन सहनको सुख सुविधा तर्फ आकर्षित गरी पर्यटन आयको अधिकांश हिस्सा देशभित्र रहन सक्ने नीति र कार्यक्रम बनाउने छ ।
- पर्यटन विकासको योजना बनाउँदा देशको सामाजिक र सांस्कृतिक परम्परा र पर्यावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई कम गर्ने पट्टि पनि नेपाली कांग्रेसको सरकारले ध्यान दिनेछ ।

**जनसंख्या नियन्त्रण**

नेपालमा जनसंख्या वृद्धिको उच्च दर कम गर्न सकिएन भने आर्थिक विकासको प्रतिफल नेपाली जनताले भोग्न पाउने छैनन् । जनसंख्याको तीब्र वृद्धिले खास गरी देशका गरीब र निमुखा जनताको जीवतस्तरमा प्रतिकूल प्रभाव पार्दछ । अहिले हाम्रो देशको कृषि उत्पादन तथा खाद्यान्न उत्पादनको वार्षिक वृद्धि दर वार्षिक जनसंख्या वृद्धिदर भन्दा धेरै छ । यो स्थिति रहुन्जेल देशमा गरीबी र खाद्यान्नको अभाव व्याप्त भैरहने छ । जनसंख्याको तीब्र वृद्धिले महिला दिदीवैनीहरूको स्वास्थ्य र सामाजिक जीवनमा प्रतिकुल प्रभाव पारी राखेको छ, देशको शिक्षा र स्वास्थ्य सेवामा अभाव बढाएको छ, बेरोजगारीको समस्या बढाएको छ तथा स्वच्छता र पर्यावरणको सन्तुलनमा समेत प्रतिकुल प्रभाव पारेको छ ।

देशको जनसंख्या नियन्त्रण कार्यक्रमलाई तथा जनसंख्या शिक्षा कार्यक्रमलाई राष्टिभ्रmय विकासको तर्जुमा गर्दा नेपाली कांग्रेसले उच्च प्राथमिकता दिनेछ । परिवार नियोजनको कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न तथा वर्तमान उच्च प्रजनन दरलाई कम गर्न जनताको स्वेच्छिक सहभागिता जुटाउने कार्यक्रम सञ्चालित गरिने छ ।

**मूल्य नियन्त्रण**

देशमा दैनिक उपभोगका वस्तुहरूमा व्याप्त आपूर्तिको कठिनाई तथा चर्को मँहगीको समस्याको समाधान नगरी आम नेपाली जनताको जीवनस्तरमा फाइदा पुग्ने छैन । न्यून वेतनभोगी तथा निश्चित आय भएका मानिसहरूको जीवन अनियन्त्रित मूल्य वृद्धि तथा आपूर्तिमा हुने कठिनाइले गर्दा साह्रै जर्जर भएको छ । दैनिक आवश्यकताका वस्तुहरूको आपूर्तिमा कठिनाई र मूल्य वृद्धिका धेरै कारणहरू हुन्छन् । देशमा सेवा र वस्तुहरूको उत्पादनमा कमी हुनु, देशमा उपलब्ध वस्तु र सेवाहरूको वितरण प्रणाली दोषपूर्ण हुनु, अवैध र कालो बजारीमा लागेकाहरूले कृत्रिम अभाव र संकटको स्थिति जन्माउनु, मुद्रा प्रदायमा वृद्धि, अनुत्पादक सरकारी खर्च, विलाशिताको उपभोगको संस्कृति, सरकारी घाटा वजेट तथा छिमेकी एवं अन्तर्राष्टिभ्रmय बजारमा हुने मूल्य परिवर्तन जस्ता धेरै कारणहरूले हाम्रो देशको मूल्य स्थितिमा प्रभाव पार्दछन् । एउटा सवल र सक्षम सरकारले यी कारणहरू पहिल्याएर मूल्य नियन्त्रण तथा आपूर्तिको प्रभावकारी उपाय थाल्न सक्छ । नेपाली कांग्रेसको सरकारले उच्च प्राथमिकता प्रदान गरेर देशको महँगाई तथा आपूर्ति समस्याको समाधान गर्नेछ ।

देशको पहाडी र दुर्गम क्षेत्रमा दैनिक आवश्यकताका वस्तुहरूको आपूर्तिको विकराल समस्या र अनियन्त्रित मूल्य वृद्धिलाई नेपाली कांग्रेसको सरकारले विशेष ध्यान दिएर समाधान गर्ने कार्यक्रम बनाउने छ ।

**वन संरक्षण – स्वच्छ पर्यावरण**

वन संरक्षण प्रत्येक नागरिकको राष्टिभ्रmय कर्तव्य हो भन्ने कुरामा नेपाली कांग्रेस विश्वास राख्दछ । तसर्थ, नेपाली कांग्रेसको सरकारले जनताको स्वार्थ र जीवनसँग प्रत्यक्ष गाँसिएको वन सम्पदालाई जनताकै हितका निम्ति जनताको व्यापक सहयोग र सहभागिता जुटाई कडाइका साथ संरक्षण गर्नेछ । दुर्लभ हुँदै गएका वन्यजन्तुहरूको पनि उचित संरक्षण गरिने छ ।

- वन जंगल अहिलेको पिढीले मनपरी भोग गर्ने सम्पदा होइन, भावी पुस्ताको धरोहर हो भन्ने भावनालाई नेपाली कांग्रेसले देशमा विस्तार गर्ने छ ।

(क) शहरमा चल्ने सवारी साधनहरूको समुचित स्याहार संभारको निम्ति सवारी धनीहरूलाई प्रेरित गर्नेछ ।
(ख) वृक्षरोपण गर्ने, हरिया पार्क, मनोरञ्जन, क्रीडास्थलको निर्माण र विकास गर्नेछ ।
(ग) तथा बाटोघाटो अतिक्रमण गरी अनियमित रूपमा हुने बसोबासलाई हतोत्साहित गर्नेछ । नेपाली कांग्रेसको सरकारले आवश्यक सेवा र सुविधा पुग्न सक्ने आवासीय क्षेत्रको विकास गर्नेछ ।

**नारी समस्या तथा नेपाली कांग्रेसको समतावादी सिद्धान्त**

नारी जातिको सम्मान र उत्थान नगरी राष्टभ्रmले विकास गर्न सक्तैन । नारीहरू जननी हुन् – हाम्रो संस्कृति र चेतनाको मुहान पनि हुन् । यसैकारण हाम्रो देश र समाजको विकासको प्रारम्भिक प्रयास नारी जातिको सम्मान र उत्थानबाट हुनुपर्छ भन्ने नेपाली कांग्रेसको धारणा छ ।

- नारीहरूले पनि पुरुष सरह समान अधिकारको उपभोग गर्न पाउनुपर्छ भनेर प्रस्ताव पारित गर्ने पहिलो संस्था नेपाली कांग्रेस नै हो । त्यसैले नेपाली कांग्रेस समाजमा रहेको वर्तमान विसंगति र विषमता पूर्ण अवस्थाको अन्त्य गरी नारीजातिलाई समाजमा सम्मानपूर्ण स्थान अधिकार दिलाउन निरन्तर प्रयत्नशील रहनेछ ।

- आर्थिक क्षेत्रमा समान कानूनी अधिकार र व्यवहार, शिक्षामा विशेष प्रोत्साहन, परम्परागत रुढी ग्रस्त संस्कार मेटाउने अभियान तथा विभिन्न संस्थाहरूमा नारीहरूको उचित प्रतिनिधित्वको व्यवस्था र सरकारी सेवामा विशेष प्रोत्साहन दिने उपायद्वारा नेपाली कांग्रेसले नारीजातिको विकासमा योगदान गर्ने छ ।
- नेपाली कांग्रेसले समाजमा रहेका यथास्थिति र संकीर्ण संस्कारहरूमा परिवर्तन ल्याई छोरा र छोरी जे भएपनि आमा बाबुले सन्तोष मान्ने सामाजिक वातावरणको श्रृजना गराउने छ ।
- शिक्षाको क्षेत्रमा छोरीहरूलाई विशेष सुविधा र अवसर जुटाउने शैक्षिक र सामाजिक अभियान थालिनेछ ।
- देशमा विद्यमान उच्च मातृ मृत्युदरलाई आगामी १० वर्ष भित्र ५० प्रतिशतले कम गर्ने तथा कुपोषण र स्वास्थ्य अभावका कारणले थोरै औषत जीवन बाँच्न वाध्य महिला दिदीवैनीहरूको निम्ति स्वास्थ्य सेवाको अभियान सरकारले सञ्चालन गर्नेछ ।
- नेपाली कांग्रेसको सरकारले चेलीबेटीको विक्री व्यापारलाई समाप्त गर्न प्रभावकारी सामाजिक अभियान र कानूनी प्रयास थाल्नेछ ।

**श्रमिक मजदुर समस्या**

नेपालका मजदूर वर्गको हितका लागि पहिलो आवाज उठाउने संस्थाको हैसियतमा नेपाली कांग्रेस श्रमिक–मजदूरलाई उचित पारिश्रमिक, बोनस, भत्ता र औषधी खर्च आदि सुविधा दिलाउन निरन्तर प्रयत्नशील रहने छ । साथै श्रमिकहरूको उपयुक्त बसोबास, तिनका वच्चाहरूको शिक्षा तथा न्यूनतम तलव र जीवन बीमा आदिद्वारा मजदूरको अवस्थामा सुधार ल्याइने छः

- नेपाली कांग्रेसले उत्पादन व्यवस्थापनमा श्रमिकहरूको सहभागिता गराउने नीति र कार्यक्रम बनाउनेछ ।
- नेपाली कांग्रेसले “श्रम गर्ने मानिसको विशेष कदर हुनुपर्छ” भन्ने सिद्धान्त अँगाल्दै श्रमिक वर्गको हित र सम्मानको सुरक्षा प्रदान गर्ने कानूनहरूको तर्जुमा गराउने छ ।
- श्रम संगठनको मान्यता कायम गराई सम्बन्धित क्षेत्रमा मजदूर प्रतिनिधिहरूको सहभागिता आवश्यक गराउने छ ।
- श्रमिक वर्गको आर्थिक, सामाजिक एवं वर्गीय हितको संरक्षण र संवर्द्धन गराउँदै पेशागत हक, हित र रोजगारीको ग्यारेन्टी दिलाउने छ ।
- नेपाली जनताको सीप, जाँगर र परिश्रम गर्ने क्षमता अन्य कुनै देशका नागरिकको भन्दा कम छैन, तर उपयुक्त सीपहरूको विकास र प्रशिक्षणको अभावले गर्दा उनीहरू धेरै पछि परेका छन् । तसर्थ, नेपाली कांग्रेसको सरकारले यस क्षेत्रमा विशेष रूपले सीप विकासका लागि जिल्ला–जिल्लामा प्राविधिक तालीमको समुचित प्रबन्ध मिलाउने छ ।
- श्रमिकहरू उत्पादन चक्रको महत्वपूर्ण आधार हुन् । त्यसैले राष्टभ्रको समृद्धि तथा श्रमिक वर्गको आफ्नै समृद्धिका निम्ति पनि उत्पादनमा वृद्धि अनिवार्य छ । राष्टिभ्रय उत्पादनमा वृद्धि गर्न उत्पादनको न्यायोचित फल श्रमिक वर्गसम्म पुगोस् भन्ने दृष्टिले नेपाली कांग्रेसले वोनसको समुचित व्यवस्था गराउने नीति अँगाल्ने छ ।
- जीवनभरी श्रम पसीना चुहाएर राष्टिभ्रय समृद्धिमा योगदान गर्ने श्रमिकहरूलाई सेवा निवृत्त भएपछि सम्मानित रूपमा जीवन यापन गर्न सहयोग पुग्ने समुचित सेवा र सुविधा पुऱ्याउने श्रम नीति नेपाली कांग्रेसले अवलम्बन गर्नेछ ।

**सुकुम्वासी र बेरोजगार**

पञ्चायती कालमा गरीब र निमुखा जनतालाई लोभ लालचमा पारेर शोषण र राजनीतिकरण गरिएको सुकुम्वासी समस्यालाई नेपाली कांग्रेसको सरकारले तुरुन्त समाप्त गर्नेछ । वास्तविक सुकुम्वासीहरूको वैज्ञानिक लगत कायम गरी सुकुम्वासी, बाढी पहिरो तथा सरकारी योजना आदिका कारणले विभिन्न रूपबाट विस्थापित भई कुनै घरवास र रोजगार नभएर अलपत्र परेको नेपाली नागरिकहरूलाई देशमा उपलब्ध कृषि योग्य जमीनले भ्याएसम्म जग्गा उपलब्ध गराई बसोवासको व्यवस्था सरकारले गराउनेछ ।

- कृषिबाट गुजारा नचल्ने परिवार र व्यक्तिहरूलाई कुनै न कुनै रोजगारीको प्रबन्ध गराई "रोजगार नागरिकको अधिकार" भन्ने सिद्धान्तलाई साकार तुल्याइने छ ।
- जनसंख्याको तीव्र वृद्धिसँगै काम गर्न सक्षम मानिसहरूको जनसंख्या पनि प्रत्येक वर्ष तीव्र गतिमा बढिराखेको हुँदा अहिले देखिनै यस दिशातर्फ सोच्न नसके बेरोजगारीको समस्या आगामी दशक भित्र विकराल रूपमा फैलिन सक्छ । त्यसैले नेपाली कांग्रेसको सरकारले प्राविधिक तथा व्यवसायमूलक शिक्षा, सीप र तालीम प्रदान गरी निर्माण, शिक्षा, स्वास्थ्य तथा सेवाको क्षेत्रमा, उद्योग धन्दा, व्यापार तथा निजी व्यवसाय र उद्यम तर्फ रोजगारीको अवसरमा वृद्धि गरी शिक्षित बेरोजगारी, ग्रामीण बेरोजगारी तथा महिला बेरोजगारी समस्याको समाधान गर्नेछ ।

**जंगी तथा निजामती राष्ट्रका सेवक**

राष्ट्रको सुरक्षा तथा प्रशासन सेवामा कार्यरत कर्मचारी वर्गलाई यथासम्भव भौतिक सुविधा र सम्मान दिलाउनका निम्ति नेपाली कांग्रेस संकल्परत छ । जंगी तथा निजामती सेवामा संलग्न राष्ट्र सेवकहरूको हकहितका रक्षा र जागीरका ग्यारेन्टीका निम्ति पनि नेपाली कांग्रेस कार्यरत रहने छ । नेपाली कांग्रेसको समाजवादी समतामूलक दृष्टिले निम्न वैतनिक कर्मचारीहरूलाई आवश्यक सेवा र सुविधा पुऱ्याउने छ ।

- प्रशासनिक ढाँचामा कर्मचारीहरूको योग्यता र स्वाभीमानको सम्मान र रक्षा गर्ने प्रशासनिक नीति नेपाली कांग्रेसको सरकारले लिने छ ।
- पञ्चायतकालको दोषपूर्ण राजनीतिले कर्मचारीतन्त्रमा ल्याएको विकृति भ्रष्टाचार, नातावाद–कृपावाद र ढिला सुस्तीलाई समाप्त गरी स्वस्थ र कुशल प्रशासनिक ढाँचाको निर्माण नेपाली कांग्रेसको सरकारले गर्नेछ । कर्मचारीहरूको आत्मसम्मानमा ठेश पुऱ्याउने पञ्चायतकालीन चाकरी र भनसुनको प्रवृत्तिलाई नेपाली कांग्रेसले तत्काल समाप्त गर्नेछ ।
- नयाँ–नयाँ चुनौती र दायित्वलाई बुझ्न र बहन गर्न सक्ने बनाउन नेपाली कांग्रेसको सरकारले कर्मचारीहरूलाई समय–समयमा उपयुक्त आधुनिक प्रशासनिक र प्रबन्धकीय तालीम र शिक्षाको अवसर जुटाउने छ ।

**सर्व सुलभ न्याय**

नेपाली कांग्रेस सुलभ न्याय जनताको घर दैलोमा पुऱ्याउन चेष्टारत रहनेछ । प्रजातन्त्रको जग मजवुत पार्न पनि स्वतन्त्र, निष्पक्ष, सर्वसुगम र सर्वसुलभ न्याय व्यवस्था बलियो आधार हुन्छ । तसर्थ, नेपाली कांग्रेस आम जनतालाई सरल र सहज रूपमा न्याय प्राप्त हुन सक्ने परिपाटी निर्माण गर्न चाहन्छ र असहाय एवं असमर्थ व्यक्तिहरूले निःशुल्क न्याय सेवा प्राप्त गर्न सक्ने परिपाटीको पनि निर्माण गरिने छ ।

पञ्चायतकालीन तानाशाहीले व्याप्त पारेको अड्डा–अदालतको भ्रष्टाचार, गरीब जनता प्रतिको बेवास्ता र ढिला सुस्तीलाई नेपाली कांग्रेसको सरकारले समाप्त पार्नेछ ।

**वेतनमान र कर प्रणाली**

सामाजिक र आर्थिक न्याय प्रदान गर्न नेपाली कांग्रेसको सरकारले न्यूनवेतन र आय हुनेहरूलाई बढी सुविधा र सहुलियतहरू दिने नीतिको अवलम्बन गर्नेछ । समय समयमा देशको मूल्य स्थिति र विभिन्न पेशा र व्यवसायमा कार्यरत मानिसहरूको वेतनमान र आय स्थितिको मूल्यांकन गरी सरकारलाई सुझाव दिन नेपाली कांग्रेसको सरकारले एउटा "वेतन आयोग" को गठन गर्नेछ ।

- नेपाली कांग्रेसको सरकारले प्रगतिशील कर प्रणालीद्वारा धनीवर्गबाट प्राप्त हुने धनद्वारा सार्वजनिक सुविधाहरूमा वृद्धि गरी न्यूनतम आय र उच्चतम आयको बीचको अन्तरलाई घटाउने प्रयास गर्नेछ । वस्तुतः कर प्रणालीको उद्देश्य राजस्व वृद्धि गर्ने मात्र होइन सामाजिक न्याय प्रदान गर्नु पनि हो ।

- देशको कर प्रणालीलाई बढी प्रभावकारी बनाउन नेपाली कांग्रेसको सरकारले करको दायरामा पर्ने तर अहिलेसम्म नपरेका समृद्ध व्यक्तिहरूलाई करको दायरा भित्र ल्याउने छ ।
- सरकारले कर छल्ने प्रवृत्तिलाई हतोत्साहित गर्नेछ तथा कर प्रशासनमा व्यापक सुधार गरी करको चुहावट रोकेर राजस्वमा वृद्धि गर्नेछ ।
- आयकर, शहरी जग्गा र सम्पत्ति करलाई बढी व्यावहारिक, सुगम र सजिलो बनाइने छ ।
- हचुवा किसिमले करको दरमा वृद्धि गर्नुको साटो करको दायरालाई फराकिलो पार्ने नीति सरकारले अपनाउने छ ।
- अप्रत्यक्ष करको वाहुल्य भएको, थोरै प्रत्यक्ष कर भएको तथा पैठारी उन्मुख राष्टभ्रको वर्तमान करको ढाँचालाई सुधार गर्न नेपाली कांग्रेसको सरकारले तत्काल "कर अध्ययन तथा सुझाव आयोग" को गठन गर्नेछ ।
- पञ्चायत कालमा करको हचुवा किसिमले निर्धारण गर्नाले देशको सीमा क्षेत्रका शहरी इलाकाहरूमा सुक्दै गएको आन्तरिक व्यापारलाई पुनः सक्षम र उन्नत बनाउने कर नीति नेपाली कांग्रेसको सरकारले अपनाउने छ ।

### शक्ति विकेन्द्रीकरण र स्थानीय विकास

राजनीति र राष्टभ्र विकासको प्रक्रियामा जनतालाई सक्रिय र प्रत्यक्ष रूपमा सहभागी नगराई प्रजातन्त्रको संस्थागत विकास कदापि संभव हुँदैन । आम नेपाली जनताको विवेक र निर्णय गर्ने क्षमतामा पूर्ण विश्वास राख्ने नेपाली कांग्रेसको सरकारले विकेन्द्रित शासन ढाँचाको तर्जुमा गरेर जनताको अधिकार जनताको काँधमा सुम्पिनेछ । त्यसैले प्रजातन्त्रलाई जगै देखि मजबूत गराई जनताको माझमा राजनीतिलाई पुऱ्याउन तथा विकासमा व्यापक जन सहभागिता जुटाउन स्थानीय गाउँ तथा नगर विकास, जिल्ला विकास र क्षेत्रीय विकासका समितिहरू गठित गरिनेछन् र तिनको गठन र अधिकार क्षेत्रको निर्धारणका लागि शक्ति विकेन्द्रिकरणको आधारमा नेपाली कांग्रेसको सरकारले आवश्यक नियम कानूनहरूको तर्जुमा गराई कार्यान्वयन गर्नेछ ।

- गाउँ नगर र जिल्लाका स्थानीय स्वायत्तशासी इकाइहरूलाई विकेन्द्रीकरणको नीति अनुरूप अधिकार सम्पन्न र प्रभावकारी बनाइनेछ ।
- शासनको विकेन्द्रित ढाँचाका निम्ति देशको प्रशासनिक, न्यायिक, शैक्षिक तथा स्वास्थ्य सुविधा स्थानीय स्तरसम्म पुऱ्याइनेछ ।

### लोक सेवा आयोग

राष्टभ्र सेवकहरूको नियुक्तिमा योग्यताको आधारमा छनोट गर्ने प्रक्रियालाई प्रभावकारी बनाउन लोक सेवा आयोगलाई निष्पक्ष र सक्षम पार्ने तथा यसको सेवा क्षेत्रको विस्तार गराई जिल्ला स्तर सम्म पुऱ्याउने छ ।

लोक सेवा आयोगका परीक्षाहरूमा सामेल हुने योग्य उम्मेदवारहरूको चयनमा उम्मेदवारहरूको क्षेत्र, जाति वा भाषा वाधक नहोस् भन्ने दृष्टिले लोक सेवा आयोगका परीक्षाहरू सञ्चालित गरिनेछन् । यसै दृष्टिले लोक सेवा परीक्षाहरूमा अन्य वैकल्पिक भाषाहरूको पनि प्रावधान राखिनेछ ।

### भूतपूर्व सैनिक–प्रजातन्त्रका सेनानी

- नेपाल र विभिन्न मित्र राष्टभ्रका सेना तथा प्रहरी सेवाबाट निवृत्त भएका भूतपूर्व सैनिकहरू २००७ सालको क्रान्ति देखि नै प्रजातन्त्रको संघर्षमा सहभागी हुँदै आएका छन् । यस नाताले पनि नेपाली कांग्रेसको भूतपूर्व सैनिकहरूसँग अभिन्न सम्बन्ध रही आएको छ । देश विदेशमा विभिन्न तालीम र सीप प्राप्त गरी दक्ष जन शक्तिको रूपमा रहेको भूतपूर्व सैनिकहरूको क्षमतालाई राष्टभ्र निर्माणको कार्यमा उपयोग गराई सैनिकहरूको शेष जीवनलाई समेत सुविधायुक्त तुल्याउन विभिन्न कार्यक्रमहरू सञ्चालन गराउन नेपाली कांग्रेस कटिबद्ध छ र रहने छ ।
- भूतपूर्व सैनिकहरूलाई विभिन्न राजनैतिक निकायहरूमा समुचित प्रतिनिधित्व गराउन नेपाली कांग्रेस बचनवद्ध छ ।

- घर जग्गा विहीन भूतपूर्व सैनिकहरूलाई यथासम्भव पुनर्वासको व्यवस्था गराई साझा सहकारी संस्थाहरूद्वारा आय आर्जन गर्ने व्यवस्था मिलाई दिने प्रयास नेपाली कांग्रेसले गर्नेछ तथा कृषि फर्म, घरेलु उद्योग आदिको व्यवस्थाद्वारा रोजगार उपलब्ध गराउने छ ।
- नेपाली सेना र प्रहरी समेतलाई अवकाश प्राप्त गर्नु भन्दा अगाडि केही व्यावसायिक कामको तालीम उपलब्ध गराउन लगाइने छ ।
- विशेष तालीम प्राप्त र सीप भएका भू.पू. सैनिकहरूलाई उनीहरूको योग्यता अनुरूप उद्योग धन्दा, निर्माण वा सेवाका क्षेत्रहरूमा काम दिइनेछ । त्यसैगरी खेलकुद र सांस्कृतिक गतिविधिमा प्रशिक्षितहरूलाई खेलकूद, संस्कृति तथा कलाको क्षेत्रमा काम दिइनेछ ।

**कला, साहित्य, संस्कृति र विज्ञानको विकास**

स्वतन्त्र र निर्भीक साहित्यिक लेखन, बन्धन रहित कलात्मक चिन्तन र अभिव्यक्ति तथा स्वस्थ संस्कृति प्रजातन्त्रका गहना हुन् । नेपाली कांग्रेस देशमा स्वतन्त्र र निर्विघ्नरूपमा कला, साहित्य र संस्कृतिको विकास होस् भन्ने चाहन्छ । त्यसै गरी नेपाली कांग्रेस देशमा वैज्ञानिक दृष्टि, चिन्तन र अध्ययनको विकास होस् भन्ने चाहन्छ ।

- यसै उद्देश्यले नेपाली कांग्रेसको सरकारले साहित्य, ललित कला, सांस्कृतिक तथा विज्ञानका स्वतन्त्र र स्वायत्त प्रतिष्ठानहरूको निर्माण र विकास गर्ने नीति र कार्यक्रम अपनाउने छ । साथै नेपाली कांग्रेसको सरकारले देशको सांस्कृतिक धरोहरको, सम्पूर्ण ऐतिहासिक र पुरातात्विक महत्वको राष्टिभ्रय सम्पदाहरूको संरक्षण गर्न एउटा गुरु योजना बनाउने छ ।

**शहीद र राजनीतिक पीडित**

नेपाली कांग्रेसको सरकारले प्रजातन्त्र स्थापनाकालागि भएका जनसंघर्षहरूमा मारिएका सम्पूर्ण सपूतहरूलाई शहीद घोषित गरी सम्मानीत गर्नेछ । शहीदका परिवारहरूलाई उचित सुविधा र व्यवस्था पुऱ्याउन कल्याणकारी कार्यक्रम सञ्चालन गर्नेछ ।

साथै लामो प्रजातान्त्रिक आन्दोलनमा अनेक कष्ट र यातना भोग्दै संघर्षरत रहेका प्रजातन्त्रका सेनानीहरूको राजनीति पीडित लगत खडा गरी यथोचित सम्मान गरिनेछ ।

**पञ्चायतकालका अपराध**

नेपाली कांग्रेसको सरकारले पञ्चायतकालमा भएको जनहत्या, प्रशासनिक ज्यादतिहरू, गैर कानूनी कारवाही तथा राजनैतिक प्रतिशोधका मुद्दाहरू, बेपत्ता पारिएका व्यक्तिहरू, भ्रष्ट रूपमा सम्पत्ति आर्जन गर्नेहरूको तथा आर्थिक राजनैतिक अपराधहरूको गम्भीरतापूर्वक छानवीन गरी अपराधीहरूमाथि कानूनी कारवाहीको प्रक्रिया शुरु गर्नेछ ।

**क्षेत्रीय र जातीय समानता**

- नेपालका विभिन्न क्षेत्र, जाति र सम्प्रदायका मानिसहरूलाई विना कुनै भेदभाव सेना, प्रहरी र अन्य सरकारी सेवामा समान अवसर प्रदान गरिने छ । तथा विभिन्न रूपमा रहेका क्षेत्रीय र जातीय भेदभावहरूलाई मेटाई आपसी सम्मान र सद्भाव कायम गराउन नेपाली कांग्रेस सक्रिय रहनेछः
- नेपालका तमाम भाषा–भाषी र संस्कृतिक जनताको भाषा, संस्कृति र मौलिकताको विकास गराउन नेपाली कांग्रेस निरन्तर दत्तचित्त रहनेछ ।
- नेपालका पूर्व, पश्चिम, सुदूर पश्चिम र माझ तराई–पहाडका विभिन्न भागहरूमा रेडियो तथा टेलिभिजन केन्द्रहरूको स्थापना गराई स्थानीय भाषाहरूमा प्रसारण गर्न लगाउने छ ।
- समाजमा आर्थिक कारणले उत्पन्न भएको विषमताहरूलाई मेटाउन आर्थिक गणनाद्वारा देखिएका निम्न तहका जनतालाई आर्थिक रूपले माथि उठाउन विभिन्न सुविधा उपलब्ध गराउने कार्यक्रम लागु गरिनेछ ।

## दूर्गम क्षेत्र–विशेष कार्यक्रम

दूर्गम हिमाली क्षेत्रमा जीविकोपार्जनको आधारहरूको नयाँ खोजी गरी साधन र स्रोतहरू जुटाई त्यहाँको विकट जीवनलाई सहज र सुविधाजनक तुल्याउन "हिमाली क्षेत्र विकास विशेष कार्यक्रम" लागु गरिने छ ।

दूर्गम क्षेत्रका जनतालाई खाद्यान्न तथा आवश्यक उपभोग्य वस्तुहरू पुऱ्याउन नेपाली कांग्रेसको सरकारले तदारुकता साथ कार्य गर्नेछ ।

## धार्मिक स्वतन्त्रता

नेपाली कांग्रेस सबै धर्मका प्रति समान दृष्टिकोण राख्ने पार्टी हो । यो सबै धर्म मान्नेलाई आफ्नो अन्तरात्माको विश्वासको धर्म, विधि विधान मान्ने र त्यस अनुसार चल्ने पूर्ण स्वतन्त्रता दिनुपर्दछ भन्ने कुरामा विश्वास राख्दछ ।

नेपाली कांग्रेसको सरकारले देशका विभिन्न पुरातन र ऐतिहासिक महत्वका धार्मिक स्थलहरू, मन्दिर, गुम्बा, मश्जीद आदिको जिर्णोद्वार गर्ने तथा उचित संरक्षण र विकास गर्ने कार्यक्रम बनाउने छ ।

## विविध

- वि.सं. २०४५ मा गएको भू–कम्पबाट पीडित जनताहरूको उद्धार तथा पुनर्वासका लागि नेपाली कांग्रेसको सरकारले पहिलेको कार्यक्रमहरूको मूल्यांकन गरी नयाँ योजनाहरू सञ्चालन गर्नेछ । भूकम्प पीडितहरूलाई दिइएको ५ हजारसम्मको ऋण मिनाहा गर्नेछ ।
- नेपाली कांग्रेसको सरकारले जेललाई सुधारगृहको रूपमा विकसित गरी जेलभित्र स्वच्छ र स्वथ्यकर मानवीय वातावरण, शिक्षा दीक्षा, सीप तथा रोजगारमूलक कार्यक्रमहरूका साथै व्यापक जेल सुधार कार्यक्रम सञ्चालन गर्नेछ ।
- दिनानुदिन महँगो हुदै गएको विद्युत् महसुलले निम्न आयको जनतामा पर्न गएको आर्थिक भार घटाउन नेपाली कांग्रेसको सरकारले उपभोग र उपभोक्ताको स्तर हेरी विद्युत् महसुल प्रणाली लागु गर्नेछ । साथै विद्युत् उत्पादन क्षेत्रमा रहेको भ्रष्टाचार, चुहावट र उठाउन बाँकी रहेको रकमहरूको भार हाल उपभोक्तालाई परेको स्थितिको तत्काल अन्त्य गरी सर्वसाधारणलाई राहत दिइनेछ ।
- खाद्यान्न, चिनी मट्टितेल आदिको बढ्दो बजार भाउलाई तत्काल नियन्त्रित गर्नेछ ।
- अख्तियार दुरुपयोग, भ्रष्टाचार, कालोबजारी, तस्करी, लागूपदार्थ आदिको सेवन र कारोबार जस्ता समाज विरोधी आर्थिक, सामाजिक, क्रियाकलाप रोक्न नेपाली कांग्रेसले कडा नीति अपनाउने छ ।

## दिदी–वैनी, दाजु–भाइहरू !

नेपाली कांग्रेसको निम्ति राजनीतिको मार्ग द्रष्टा जनता हो । सरकारमा बस्ने राजनैतिक पार्टीहरू जन विश्वासको कसीमा खारिनु पर्दछ – त्यसैले राजनीतिक पार्टीको नीति र कार्यक्रम जनताद्वारा जाँचिनु पर्छ भन्ठानेर नेपाली कांग्रेसले आफ्नो राजनीति र देश विकासको अठोटलाई नीति र कार्यक्रमको रूपमा जनताको सामु राखेको छ ।

नेपाली कांग्रेसको आदर्श राष्टि्भ्रयता, प्रजातन्त्र र समाजवादको प्राप्ति र रक्षा गर्नु हो । यो मूल आदर्श तर्फको हाम्रो यात्रामा हाम्रो उपलब्धि र कमजोरीहरूको लेखा जोखा समय समयमा जनताको बीच हुनुपर्छ भन्ने धाराणाले गर्दा नेपाली कांग्रेस चुनावको प्रजातान्त्रिक परिपाटीमा विश्वास गर्दछ । २०४८ सालको यो आम निर्वाचनमा तपाईंहरूका समक्ष आफ्नो नीति र कार्यक्रम र देश विकास गर्ने यिनै अठोट राखेर नेपाली कांग्रेस सम्पूर्ण नेपाली दिदी बैनी, दाजु भाइहरूसँग रुख चुनाव चिन्हमा अमूल्य मतको सहयोग माग्दछ । तपाईंको मत देश विकास गर्ने निर्णायक मत हुनेछ । त्यसैले देशमा शान्ति, स्थिरता, सुव्यवस्था र विकासका लागि, गरीबी र शोषणको अन्त्य गर्नका लागि, अशिक्षा र रोगको समाधानका लागि तपाईंहरू सबैसँग रुख चुनाव चिन्हमा मतदान गर्न नेपाली कांग्रेस विनम्र अनुरोध गर्दछ ।

**जय नेपाल !**

---

- यदि तपाईं देशमा शान्ति, स्थिरता, सुव्यवस्था र विकास चाहनुहुन्छ भने,
- यदि तपाईं देशबाट अन्याय, शोषण र गरीबी समाप्त पार्न चाहनुहुन्छ भने,
- यदि तपाईं देशबाट रोग, भोक र अशिक्षा समाप्त पार्न चाहनुहुन्छ भने,

रुख चिन्हमा मत दिई

नेपाली कांग्रेसलाई

विजयी गराउनु होस्

**जय नेपाल !**

---